**सर्वोच्च अदालत, संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री प्रकाशमान सिंह राउत**

**माननीय न्यायाधीश श्री तिल प्रसाद श्रेष्ठ**

**आदेश**

**०७८-WO-०७६६**

जिल्ला धनुषा मिथिलेश्वर मौवाही गा.वि.स.हाल परिवर्तित धनुषा जिल्ला मिथिला बिहारी न.पा.वडा नं. ३ बस्ने देव नारायण मण्डल.................................. १ निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, काठमाडौं........................१
संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय सिंहदरवार, काठमाडौं................१
वन तथा वातावरण मन्त्रालय सिंहदरवार, काठमाडौं.......................................१ विपक्षी
मुख्य मन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं २, जनकपुर......................१
वन तथा भू-संरक्षण विभाग बबरमहल, काठमाडौं............................................१
वातावरण विभाग बबरमहल, काठमाडौं.........................................................१
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, बबरमहल, काठमाडौ...................१
उधोग, पर्यटन तथा वन मन्त्रालय, प्रदेश नं.२ जनकपुर.................................१

**विषयः- उत्प्रेषण र परमादेश समेत**

नेपालको संविधानको धारा ४६ एवम् धारा १३३ को उपधारा (१) र (२) बमोजिम दायर भई पेस हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त वेहोरा र आदेश यसप्रकार छः-

**रिट निवेदनको संक्षिप्त तथ्य**

१. देशको समग्र विकासको दिगोपना वातावरणीय अवस्थाको गुणस्तरमा निर्भर रहन्छ। राष्ट्रको समृद्धिका लागि प्राकृतिक तथा मानव निर्मित सम्पदाहरुको दिगो व्यवस्थापन र बहुआयामिक

उपयोग पूर्व शर्त हुन्। वन एक महत्वपूर्ण नविकरणीय प्राकृतिक स्रोत हो र यो वातावरणको समेत एक मुख्य अव्यय हो । वन भनेको केवल रुखमात्र होइन वन जैविक विविधताको वासस्थान हो र जैविक विविधता द्वारा वन समेत अझै समृद्ध हुँदै जान्छ। वनक्षेत्रले नेपाललाई जैविक विविधताको धनी मुलुकको रूपमा विश्व समुदाय माझ चिनाएको छ । जैविक विविधता वन र वातावरणको अन्योन्याश्रीत सम्बन्ध हुन्छ। हरेक रूखको समेत जैविक विविधतामा आफ्नै महत्व हुन्छ। यसको उचित व्यवस्थापन तथा सदुपयोगबाट स्थानीय तथा राष्ट्रिय अर्थतन्त्रमा समेत उल्लेखनीय रूपमा योगदान पुग्न सक्दछ। तर वनको क्षेत्रफल घट्दै गइरहेको तथ्याङ्कलाई बेवास्ता गर्दै महोत्तरी जिल्लाको अन्तिम चार कोषे झाडीको रुपमा रहेको वनक्षेत्रलाई मासेर महोत्तरी जिल्ला स्थित बर्दिवास नगरपालिकाको वडा नं ४ मा बर्दिवास मेडिकल कलेज निर्माण गर्ने गरी नेपाल सरकार, मन्त्रिपरिषदको बैठकबाट मिति २०७५।११।३ मा सो क्षेत्रको जग्गा उपलब्ध गराउने गरी निर्णय भएको पाइन्छ। मेडिकल कलेज निर्माण गर्ने सिलसिलामा वातावरणीय प्रभाव मूल्याङ्कन गरिएको भए पनि अपूरो र त्रुटिपूर्ण रहेको, वनक्षेत्रमा मेडिकल कलेज निर्माण गर्ने निर्णय सार्वजनिक न्यास सिद्धान्तको विपरीत रहेको, वन क्षेत्रमा मेडिकल कलेज निर्माण भएमा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने भई वातावरण संरक्षणका सम्बन्धमा नेपालको संविधान, वातावरण संरक्षण ऐन र नियमावली तथा यस सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिवद्धताहरु समेतको विपरीत हुने हुँदा मिति २०७७।७।२० मा स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कनलाई अमान्य र वदर गरी पाउँ, मेडिकल कलेज निर्माणका लागि बर्दिवास नगरपालिका वडा नं ४ को वन क्षेत्रको जग्गा उपलब्ध गराउने गरी नेपाल सरकार, मन्त्रिपरिषदको बैठकबाट मिति २०७५।११।३ मा भएको निर्णय वदर गरी पाउँ, बर्दिवासको वन क्षेत्र वातावरणीय रुपमा अत्यन्त संवदनशिल रहेको हुँदा संरक्षित वन क्षेत्रको रुपमा घोषणा गर्नु भनी आदेश जारी गरी पाउँ र बर्दिवास क्षेत्रको दुर्लभ वन्यजन्तु तथा वनसम्पदाको संरक्षणका लागि गुरुयोजना निर्माण गरी सो को प्रभावकारी कार्यान्वयनका लागि समेत आदेश जारी गरी पाउँ, साथै निवेदनको अन्तिम किनारा नलागेसम्म सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९ बमोजिम सो क्षेत्रको वन सम्पदामा प्रतिकूल असर पर्ने कुनै कार्य नगर्नु नगराउनु, कुनै रुख विरुवा नकाट्नु र काट्न नदिनु तथा वन्यजन्तुलाई हानी नोक्सानी हुने कुनै कार्य नगर्नु

नगराउनु भनी अन्तरिम आदेशसमेत जारी गरी पाउँ भन्ने समेत व्यहोराको निवेदकका तर्फबाट यस अदालतमा पर्न आएको रिट निवेदन।

२. प्रस्तुत रिट निवेदनको पृष्ठ १० को प्रकरण ४(ङ) को पहिलो हरफमा वातावरण संरक्षण ऐन, २०७६ हुनुपर्नेमा वातावरण संरक्षण ऐन, २०५३ भएको र ऐ.पृष्ठको प्रकरण नं. (च) को पहिलो हरफमा वातावरण संरक्षण ऐन, २०७६ हुनुपर्नेमा वातावरण संरक्षण ऐन, २०५३ भई त्रुटि भएकोले सर्वोच्च अदालत नियमावली, २०७४ को नियम १९(१) बमोजिम सच्याई पाउँ भन्ने समेत वेहोराको निवेदकको तर्फबाट निवेदन नं. ०७८-FN-०५८७ मार्फत पर्न आएको थप निवेदन।

३. यसमा के कसो भएको हो? निवेदकको माग बमोजिमको आदेश किन जारी हुन नपर्ने हो? आदेश जारी हुनु नपर्ने भए सोको आधार र कारण सहित बाटोको म्याद बाहेक म्याद सूचना पाएका मितिले १५ दिनभित्र प्रत्यर्थीहरु मध्येका २ नं.प्रदेशका मुख्यमन्त्रीको कार्यालय र वन मन्त्रालय, प्रदेश नं. २ ले सम्बन्धित मुख्य न्यायाधिवक्ताको कार्यालय मार्फत र अन्य प्रत्यर्थीहरुले महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ पेस गर्नु भनी प्रस्तुत आदेश र रिट निवेदनको एक एक प्रति नक्कलसमेत साथै राखी प्रत्यर्थीहरुका नाममा म्याद सूचना जारी गरी म्यादभित्र लिखित जवाफ परे वा पर्ने अवधि व्यतित भएपछि नियमानुसार पेस गर्नु। निवेदकले अन्तरिम आदेश माग गरेको सम्वन्धमा हेर्दा सो सम्बन्धमा दुबै पक्षको उपस्थितिमा छलफल गराई टुङ्गो लगाउन उपयुक्त हुने हुँदा अन्तरिम आदेश छलफलका लागि मिति २०७८।११।१८ गतेको पेसी तोकी सो छलफलमा उपस्थित हुन प्रत्यर्थीहरुलाई जनाउ दिई नियमानुसार गर्नु भन्ने यस अदालतको मिति २०७८।११।४ को आदेश।

४. वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै प्रकारको विकल्प रहे नरहेको सम्बन्धमा कुनै खोजी गरिएको भन्ने देखिएन। प्रस्तावित मेडिकल कलेजका लागि १०१.५९ हेक्टर वन क्षेत्रमा रहेका ५६८१ रुख कटान गर्नुपर्ने तथ्य खुल्न आएको पाईयो। निवेदकले वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) सम्बन्धमा पनि प्रश्न उठाएको देखिन्छ। यसका अतिरिक्त मेडिकल कलेज निर्माण सम्वन्धी विस्तृत परियोजना तयार गरिएको, आर्थिक श्रोतको निर्धारण र व्यवस्थापन सम्वन्धमा पनि कुनै योजना वा कार्यक्रम निर्धारण भएको तथ्यगत कुरा प्रत्यर्थीहरुको तर्फबाट छलफलका सन्दर्भमा उल्लेख गर्न सकेको पाइएन। निश्चित योजना र कार्यक्रमको अभाव

रहेको यस अवस्थामा अहिले रुख कटान गर्ने कार्य गरिएमा अपुरणीय रुपमा वातावरणीय क्षति हुन जाने अवस्था देखियो। सुविधा सन्तुलनका दृष्टिले हेर्दा अन्तरिम आदेश जारी गर्नु मनासिव देखियो। प्रस्तुत रिट निवेदनउपरको सुनुवाईको टुङ्गो नलागेसम्मका लागि महोत्तरी जिल्लाको बर्दिबास स्थित मेडिकल कलेज निर्माण गर्ने भनिएको प्रस्तावित वन क्षेत्रको जग्गामा रहेका वन सम्पदामा प्रतिकूल असर पर्ने कुनै कार्य नगर्नु, नगराउनु, सो स्थानमा रहेका रुख विरुवा नकाट्नु, वन्यजन्तुलाई हानी नोक्सानी हुने कार्य नगर्नु नगराउनु, सो वनक्षेत्र हाल यथास्थितिमा संरक्षित राख्नु भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ४९(१)(क) बमोजिम प्रत्यर्थीहरुको नाममा अन्तरिम आदेश जारी गरिएको छ भन्ने समेत वेहोराको यस अदालतको मिति २०७८।११।१८ को आदेश ।

५. प्रदेश नं.२ को महोत्तरी जिल्ला बर्दिबास नगरपालिका वडा नं.४ स्थित चारकोषे झाडी मासेर उक्त स्थानमा बर्दिबास मेडिकल कलेज बनाउन जग्गा उपलब्ध गराउने नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७५।११।३ को निर्णय नेपाल सरकारको कार्य विभाजन नियमावली, २०७४ को नियम ५ को अनुसूची-२ बमोजिम नेपाल सरकारको नीतिगत तथा कानूनी विषय भएको एवम् ऐ.नियमावलीको नियम ४ को अनुसूची-२, वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ ले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना, लगानी बोर्डबाट लगानी स्वीकृत भई कार्यान्वयन गरिने आयोजना र राष्ट्रिय गौरवका आयोजना, संघको अधिकारक्षेत्र भित्र पर्ने विषयसँग सम्बन्धित विकास निर्माण सम्बन्धी कार्य वा आयोजना, एक भन्दा बढी प्रदेशमा निर्माण कार्य गर्नुपर्ने आयोजना वा नेपाल सरकारले तोकेको कुनै आयोजना सम्वन्धी प्रस्तावको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत गर्ने अधिकार वन तथा वातावरण मन्त्रालयलाई प्रदान गरेको र सोही कानूनी प्रावधान बमोजिम बर्दिबास मेडिकल कलेजको लागि तयार भएको वातावरणीय प्रभाव मूल्याङ्कन सो मन्त्रालयबाट स्वीकृत भएको विषयमा यस विभागको कुनै संलग्नता नभएको हुँदा असम्बन्धित निकाय यस विभागलाई विपक्षी बनाई दायर गरेको रिट निवेदन औचित्यपूर्ण नदेखिएकोले खारेज गरी पाउँ भन्नेसमेत वेहोराको वातावरण विभाग बबरमहल, काठमाडौंको लिखित जवाफ।

६. यो मन्त्रालय विकास विरोधी नभई विकास हुनुपर्ने पक्षमा छ। तर विकास निर्माणको कार्य गर्दा वातावरणमा कम असर पर्ने गरी विकास कार्य हुनुपर्छ। वन जंगल, जंगली जनावर,

चराचुरुङ्गीको वासस्थान संरक्षण हुने गरी उपयुक्त विकल्प पहिचान एवम् छनौट गरी वातावरणीय प्रभाव मूल्याङ्कन गरी विकास निर्माणको कार्य अगाडि बढाउनु पर्छ भन्ने मान्यता यस मन्त्रालयको छ। बर्दिबास मेडिकल कलेज निर्माण गर्नु राम्रो हो। यसले मधेश प्रदेशको विकास हुन्छ भन्नेमा दुईमत छैन। तर विकासको नाममा धेरै भन्दा धेरै रुख काटेर जंगल क्षेत्र मासेर विकास हुनुपर्छ भन्न पक्षमा यो मन्त्रालय छैन। बरु स्वच्छता अभियान र हरित प्रदेश कार्यक्रम अन्तर्गत यस मन्त्रालयले समय समयमा बृक्षारोपण कार्यक्रम गर्दै आएको छ। बर्दिबास मेडिकल कलेज निर्माण गर्दा सकेसम्म कम रुख काट्नुपर्ने, वातावरण प्रभाव मूल्याङ्कनको सिद्धान्तलाई अपनाउनु पर्ने, एकको सट्टा १५ रुख रोप्नु पर्ने सुनिश्चितता गर्नुपर्ने र वन क्षेत्रको जैविक विविधता एवम् दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीको वासस्थानमा असर पार्ने र वन ऐन तथा नियमावली र वातावरण प्रभाव मूल्याङ्कनको अन्तर्राष्ट्रिय सिद्धान्त विपरीत हुने कुनै प्रकारको कार्यको पक्षमा यो मन्त्रालय छैन। विकास निर्माणको कार्य गर्दा भावी पुस्ताको लागि समेत प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षण हुने गरी गर्नुपर्ने र सकेसम्म वन क्षेत्रको प्रयोग गर्न नहुने पक्षमा रहेकोले र बर्दिबास मेडिकल कलेजको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति लगायत कुनै कार्यमा यस मन्त्रालय संलग्न नरहेको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन मन्त्रालयको हकमा खारेज गरी पाउँ भन्ने समेत वेहोराको उद्योग, पर्यटन तथा वन मन्त्रालय, प्रदेश नं.२ को लिखित जवाफ।

७. बर्दिबास मेडिकल कलेज निर्माण तथा विकास परियोजना प्रस्तावक रहेको बर्दिबास मेडिकल कलेजको (१००० बेड) भौतिक पूर्वाधारहरुको निर्माण तथा मेडिकल कलेजको सञ्चालनको लागि क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची तयार पारी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिस सहित च.नं.१३२ मिति २०७६।६।२८ मा प्राप्त भएकोमा वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियवमावली, २०७७ बमोजिम वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनउपर कारवाही गरिएको हो। उक्त ऐन अनुसार विशेषज्ञसमेतको समिति गठन गरी सो समितिबाट प्राप्त राय सुझावलाई संलग्न राखी प्रस्तावकलाई परिमार्जन गर्न लगाई परिमार्जित प्रतिवेदनमा कानून बमोजिमको विविध शर्त तोकी मिति २०७६।१०।२९ मा क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूची स्वीकृत भएको थियो। सो स्वीकृत क्षेत्र निर्धारण प्रतिवेदन र कार्य सूचीको आधारमा वातावरणीय प्रभाव मूल्याङ्कन तयार पारिएको र सो वातावरणीय

प्रभाव मूल्याङ्कन प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको सचिवस्तरीय निर्णयबाट यस मन्त्रालयमा प्राप्त हुन आएकोमा सो प्रतिवेदनलाई सूचनामा तोकिएको स्थानहरु तथा मन्त्रालयको वेभसाईटसमेतमा राखी सार्वजनिक रुपमा प्रकाशन गरिएको हो। सोपश्चात् सुझाव समितिबाट राय सुझाव संकलन गरी प्रस्तावकलाई परिमार्जन गर्न लगाई वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रचलित कानूनको वर्खिलाफ नहुने गरी प्रतिवेदनले औंल्याएका र कार्यान्वयन गर्न प्रतिवद्धता जनाईएका विषयहरुको कार्यान्वयन गर्ने गराउने गरी शर्तहरु तोकी यस मन्त्रालयको मिति २०७७।७।२० को मन्त्रिस्तरीय निर्णयबाट सो प्रतिवेदन स्वीकृत भएको हो। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन अपुरो र त्रुटिपूर्ण रहेको भन्ने निवेदन जिकिर आधारहिन छ। बर्दिबास मेडिकल कलेज सम्बन्धी पूर्वाधार विकास आयोजनालाई राष्ट्रिय योजना आयोगले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गरेको छ भने वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको पृष्ठ नं. ५५ को Alternative Analysis मा वन क्षेत्र प्रयोग गर्नु बाहेकको अन्य विकल्प नभएको भनी उल्लेख छ। सोही बमोजिम वन ऐन, २०७६ को दफा ४२ र राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ मा रहेको व्यवस्था बमोजिम सो आयोजनालाई माईस्थान सामुदायिक वनको ५७ हेक्टर र गढवन्ता बर्दिबास साझेदारी वनको ४४.५९ गरी जम्मा १०१.५९ हेक्टर जग्गा प्रयोग गर्न दिने भन्ने हो। सो विषय टुङ्गो नलागिसकेको र वन ऐन, २०७६ को दफा ४२ ले राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न दिने सम्बन्धी अन्तिम निर्णय नेपाल सरकारबाट हुने भएको तथा नेपाल सरकारबाट कानूनबमोजिम निर्णय हुन बाँकी नै रहेको छ। साथै, बर्दिबासको वन क्षेत्रलाई संरक्षित वन क्षेत्र घोषणा गर्ने कार्य वन ऐन, २०७६ बमोजिम नेपाल सरकारको भएको र सो ऐनमा उल्लिखित प्रावधान बमोजिम वन क्षेत्र घोषणा गर्न उपयुक्त हुने नहुने अध्ययन गरी सम्बन्धित भु-परिधीय क्षेत्रलाई आवश्यकता र औचित्यको आधारमा नेपाल सरकारबाट संरक्षित वन क्षेत्र घोषणा गरिने हुँदा संरक्षित वन क्षेत्र घोषणा गर्न परमादेशको आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन निरर्थक छ। तसर्थ रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत वेहोराको नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको लिखित जवाफ।

८. विकास निर्माणको कार्य गर्दा सकेसम्म बढीभन्दा बढी मात्रामा वन जंगल, जंगली जनावर, तथा चराचुरुङ्गीको वासस्थान संरक्षण हुने गरी र वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा हरसम्भव विकल्पको छनौट गरी उपयुक्त विकल्प पहिचान छनौट गरी विकास निर्माणका कार्य अगाडि बढाउनु पर्छ भन्ने मान्यता यस मन्त्रालयको रहेको छ। निवेदकले यो मन्त्रालयले रुख काट्ने कार्यलाई प्रोत्साहन गरेको समेत भन्न सकेको छैन। मेडिकल कलेज निर्माण गर्नु राम्रो हो। यसले मधेश प्रदेशको विकास हुन्छ भन्नेमा दुईमत छैन। तर विकासको नाममा धेरै भन्दा धेरै रुख काटेर जंगल क्षेत्र मासेर विकास हुनुपर्छ भन्ने छैन। बरु स्वच्छता र हरित प्रदेश कार्यक्रम अन्तर्गत प्रदेश सरकारले समय समयमा बृक्षारोपणको कार्य गर्दै आएको छ। रुख काट्दा अरु थप रुख रोप्नु पर्ने कुराको सुनिश्चितता गर्नुपर्ने, वातावरण प्रभाव मूल्याङ्कनको सिद्धान्तलाई अपनाउनु पर्ने, वन क्षेत्रको जैविक विविधता एवम् दुर्लभ वन्यजन्तु र चराचुरुङ्गीको वासस्थानमा असर पार्ने र वन ऐन तथा नियमावली र वातावरण प्रभाव मूल्याङ्कनको अन्तराष्ट्रिय सिद्धान्त विपरीत हुने कुनै प्रकारको कार्यको पक्षमा यो मन्त्रालय छैन। विकास निर्माणको कार्य गर्दा भावी पुस्ताको लागि समेत प्राकृतिक श्रोत तथा सम्पदाको संरक्षण हुने गरी गर्नुपर्ने र सकेसम्म वन क्षेत्रको प्रयोग नगर्ने पक्षमा रहेको र बर्दिबास मेडिकल कलेजको वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृति लगायत कुनै कार्यमा यस मन्त्रालय संलग्न नरहेको हुँदा यस मन्त्रालयलाई विपक्षी बनाई दायर भएको रिट निवेदन मन्त्रालयको हकमा खारेज गरी पाउँ भन्ने समेत वेहोराको प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, मधेश प्रदेशको लिखित जवाफ।

९. बर्दिबास मेडिकल कलेजको पूर्वाधार निर्माण र सञ्चालन तथा अन्य व्यवस्थाको सम्बन्धमा अन्य निकायहरुको संलग्नता एवं निर्णयपश्चात् वातावरणीय प्रभाव मूल्याङ्कनको चरणमा प्रवेश गर्ने र वन तथा वातावरण मन्त्रालयबाट वातावरण संरक्षण ऐन, २०७६ तथा वातावरण संरक्षण नियमावली, २०७७ बमोजिम मिति २०७७।७।२० मा सो मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट वातावरण प्रभाव मूल्याकन प्रतिवेदन स्वीकृत भएकोले सो प्रतिवेदन अपुरो तथा त्रुटिपूर्ण भन्ने जिकिर निरर्थक छ। राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिस गरेको वन ऐन, २०७६ को दफा ४२ तथा राष्ट्रिय वन क्षेत्र प्रयोग गर्ने सम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६ को व्यवस्था बमोजिम आयोजनालाई

तोकिएको स्थानको वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र सोमा रहेको रुखहरु हटाउन स्वीकृती दिने कागजात यस विभागमा प्राप्त भई नसकेको र प्राप्त भएमा सम्बन्धित कानूनबमोजिम आवश्यक प्रकृया अगाडि बढाईने हुनाले यस विभागको हालसम्मको निर्णय प्रकृयामा रहेको भूमिका रिट निवेदनमा कहिं कतै उल्लेख छैन। साथै, यस विभाग वन तथा वातावरण र जैविक विविधताको संरक्षण तथा सम्बर्द्धनमा प्रतिवद्ध भई तोकिएको जिम्मेवारी पुरा गरिरहेको अवस्थामा यो विभागको के कति संलग्नता रहेको हो र यो विभागको के कस्तो कार्यले निवेदकको हक अधिकारमा आघात पुग्न गएको हो तथा विभागको कुन कुन कार्य संविधान तथा प्रचलित कानून विपरीत रहेको छ रिट निवेदनमा कतै उल्लेख भएको नदेखिँदा यस विभागको हकमा रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत वेहोराको नेपाल सरकार, वन तथा वातावरण मन्त्रालय, वन तथा भू-संरक्षण विभागको लिखित जवाफ।

१०. नेपालको संविधानले वन तथा वातावरण संरक्षण र व्यवस्थापनका सम्बन्धमा लिएको नीति एवं व्यवस्था बमोजिम गर्न नेपाल सरकार प्रतिवद्ध रहेको छ। नेपाल सरकारको आ.व.२०७३।०७४ को बजेट वक्तव्यको प्रकरण २२४ मा एक प्रदेश एक मेडिकल कलेज निर्माण गर्ने अवधारणा कार्यान्वयन गरी जनस्तरसम्म स्वास्थ्य, शिक्षा र सेवाको पहुँच विस्तार गरी स्वस्थ नागरिक तथा समृद्ध समाज निर्माणमा योगदान पुऱ्याउन प्रदेश २ अन्तर्गत महोत्तरी जिल्लाको बर्दिबासमा बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण आयोजना कार्यान्वयनमा आएको देखिन्छ। बर्दिबासमा एकहजार शैयाको अस्पताल निर्माण गरी अन्तराष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र प्रतिभावान् तथा विपन्न नागरिकलाई चिकित्सा तथा नर्सिङ्ग चिकित्सा शिक्षा दिई प्राविधिक जनशक्ति उत्पादन गर्नका लागि सो आयोजना सुरु भएको हो। राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना भएमा र अन्य विकल्प नहुँदा वन सम्बन्धी कानूनको अधिनमा रही वन क्षेत्र प्रयोग गर्न सकिने नै हुन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा वन क्षेत्र बाहेक अन्य क्षेत्र प्रयोग गर्ने विकल्प नरहेको भनी उल्लेख भएको अवस्था छ। सो मेडिकल कलेजका लागि १०१.५९ हेक्टर जग्गामा वातावरणीय प्रभाव मूल्याङ्कन भई सोही बमोजिम गुरुयोजना निर्माण भए पनि धेरै रुखहरु क्षति हुने भएकाले पश्चिममा आटावे खोला र पूर्वमा भब्सी खोलाको बिचको ५४.५९ हेक्टरभित्र मात्र कम क्षति हुने गरी डिपिआर तयार भएको छ। निवेदकले तराई मधेशलाई मरूभूमीकरण गरी वातावरणलाई अपूरणीय क्षति पुऱ्याउने

तथा डिभिजन वन कार्यालय र सरोकारवालाहरुसँग समन्वय र सहमति नगरेको भनी उल्लेख गरेको भए पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०७३।३।२७ मा गठित जग्गा खोजविन तथा व्यवस्थापन समितिले जग्गा खोजविन तथा व्यवस्थापन गर्ने सम्बन्धमा सबै सरोकारवालासंग पटक पटकको बैठक, भेला छलफल गरी हालको प्रस्तावित जग्गा सम्वन्धमा निर्णय गरेको देखिन्छ। आयोजनाले उक्त क्षेत्रमा वातावरणीय प्रभाव मूल्याङ्कन सम्वन्धमा गर्ने सार्वजनिक सुनुवाई कार्यक्रममा उपस्थितिका लागि राष्ट्रिय दैनिक पत्रिका जनकपुर टुडेमा सूचना प्रकाशन गरी डिभिजन वन कार्यालय, सव-डिभिजन वन कार्यालय, माईस्थान सामुदायिक वन लगायतका स्थानीय सरोकारवालाहरुको उपस्थितिमा सार्वजनिक सुनुवाई गरेको पनि देखिन्छ। प्रस्तावित जग्गा भब्सी खोला किनारमा रहेको र सो जग्गा वर्षेनी खोलाले कटान गर्ने क्षेत्र हुँदा तटबन्ध निर्माण गरिएमा नदी उकासबाट धेरै जग्गा निस्कनुका साथै सो जग्गाको पश्चिमपट्टि खेल मैदान भएकोले सो खेल मैदानको जग्गासमेत मेडिकल कलेज बनाउन प्रस्ताव गरी वन क्षेत्रलाई जोगाई कलेज निर्माण गर्ने गरी डिजाइन गरिएको देखिन्छ। निवेदकले भने जस्तो सम्भाव्यता अध्ययन नगरी र वातावरणीय प्रभाव मूल्याङ्कन सिद्धान्त विपरीत हुने गरी वातावरणीय प्रभाव मूल्याङ्कन भएको भन्ने कुनै वस्तुनिष्ठ आधार रहेको देखिँदैन। मिति २०७५।११।३ को निर्णय बदर गरी पाउँ भन्ने निवेदकको जिकिरतर्फ हेर्दा, सो मेडिकल कलेजको भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्न आ.व.२०७५।०७६ का लागि अस्थायी दरबन्दी स्वीकृत गर्न दरबन्दी समितिले सिफारिस गरेबमोजिम उक्त मितिमा नेपाल सरकारले अस्थायी दरबन्दी सम्म स्वीकृत गरेको हो। बर्दिबास मेडिकल कलेजलाई जंगल क्षेत्र प्रयोग गर्न दिने भनी कुनै किसिमको निर्णय नेपाल सरकार, मन्त्रिपरिषदबाट भइसकेको देखिँदैन। तसर्थ प्रस्तुत रिट निवेदन खारेजभागी हुँदा खारेज गरी पाउँ भन्ने समेत बेहोराको नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको लिखित जवाफ।

११. रिट निवेदकले रिट निवेदनमा उल्लेख गर्नु भए जस्तै नेपालका वन जंगलको संरक्षण र सम्वर्द्धन गर्नु हामी सबैको कर्तव्य र दायित्व भएको कुरामा कसैको दुइमत हुन सक्दैन। नेपालका प्राकृतिक श्रोतहरुको संरक्षण र सम्वर्द्धन गर्ने कार्यमा यस मन्त्रालय सदैव सजग र तत्पर रहेको छ। यस मन्त्रालयले नेपालको संविधान र कानूनको सदा पालना गर्दै आएको छ। नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको क्षेत्राधिकार

भित्र पर्ने विषयमा काम गर्दा सधैं नेपालको संविधान लगायत अन्य प्रचलित कानूनको अधिनमा रहेर गरिएको र निवेदनमा उठाईएको मेडिकल कलेज स्थापना गर्ने विषय यस मन्त्रालयको क्षेत्राधिकार भित्र नपर्ने विषय भएकोले उक्त विषयमा यस मन्त्रालयसमेतलाई विपक्षी बनाई दायर गरिएको प्रस्तुत रिट निवेदन यस मन्त्रालयको हकमा खारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत वेहोराको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लिखित जवाफ।

१२. यस विभागको के कुन कार्य र अवस्थाले निवेदकको के कुन हक हनन् भएको भनी रिट निवेदनमा कहिँकतै उल्लेख गर्न सकेको अवस्था छैन। रिट निवेदनमा उल्लेख भएको महोत्तरी जिल्लाको अन्तिम चारकोषे झाडीको रुपमा रहेको वनलाई मासेर बर्दिबास नगरपालिकाको वडा नं.४ मा बर्दिबास मेडिकल कलेज बनाउने गरी नेपाल सरकार, मन्त्रिपरिषदको बैठकबाट भएको निर्णय सम्बन्धमा यस विभागलाई कुनै जानकारी नभएको र विभागको संलग्नतासमेत नरहेको हुँदा अनावश्यक रुपमा यस विभागलाई विपक्षी बनाईएकोले रिट निवेदन स्वतःखारेजभागी छ, खारेज गरी पाउँ भन्ने समेत वेहोराको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागको लिखित जवाफ।

१३. निवेदकले आफ्नो रिट निवेदनमा उठाएको विषयवस्तु र जाहेर गरेको चिन्ताको विषयमा सरोकारवालाहरुले विगत ५ वर्षदेखि व्यापक छलफल, अन्तरक्रिया, अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव मूल्याङ्कन गरेको हुँदा निवेदकको मागदाबी औचित्यहिन रहेको छ। रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत वेहोराको सरोकारवाला बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाका निर्देशक देवी प्रसाद सुवेदीको निवेदन वेहोरा।

१४. बर्दिबास मेडिकल कलेज स्थापनाका लागि आवश्यक जग्गा खोजविन गर्न जग्गा खोजविन तथा प्रारम्भीक कार्य समितिले पटक पटक बैठक, भेला तथा आम सरोकारवालाहरुसँग बैठक भेला आयोजना गरी नेपाल सरकारले भरिसक्य मुआब्जा दिनु नपर्ने, कम भन्दा कम मुआब्जा पर्ने वैकल्पिक प्रकृतिको जग्गा खोजी कम खर्चमा संरचना निर्माण होस् र निर्माण पश्चात् कलेज तथा अस्पतालमा प्रदेशका जनताको सहज पहुँच हुन सक्ने केन्द्र परी मधेश प्रदेशका जनता बढी भन्दा बढी लाभान्वित हुन सकुन् भन्ने उद्देश्य तथा वातावरणीय प्रभावको दृष्टिले समेत कम जोखिम हुने प्रस्तावित क्षेत्र उपयुक्त हुने भन्ने निष्कर्ष निकाली शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा सिफारिस गरिएको हो। यसैको आधारमा बर्दिबास मेडिकल कलेज पूर्वाधार

निर्माण आयोजना स्थापना भई गुरु योजना तयार गरिएको एवम् माटो परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन तथा विस्तृत परियोजना प्रतिवेदन तयार गरी कलेजको लागि जग्गा भोगाधिकारको प्रकृयासमेत अगाडी बढाईसकेको छ। तसर्थ हामी सरोकारवालालाई पनि सुनुवाईमा सरिक गराई पाउँ भन्ने समेत वेहोराको जग्गा खोजविन तथा प्रारम्भीक कार्य समितिको संयोजक विदुरकुमार कार्की र उद्योग वाणिज्य संघ बर्दिबासका अध्यक्ष बिष्णुबहादुर खड्काको पृथक पृथक निवेदन।

१५. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले नगरपालिका क्षेत्रभित्र स्वास्थ्य तथा वातावरण संरक्षण गर्ने कार्य समेत नगरपालिकाको भएकोले नगरपालिकालाई निवेदकले उठाएको विषयमा प्रत्यक्ष सरोकार भएको र न्याय निरूपणको सन्दर्भमा सम्मानीत अदालतलाई स्थानीय सूचना तथा वास्तविक तथ्य उपलब्ध गराई सहयोग गर्न सकिने अवस्था रहेकोमा रिट निवेदकले विपक्षी नबनाएका कारण आफ्नो कुरा राख्ने मौकाबाट बञ्चित हुनु परेको छ। नेपाल सरकारको चौधौं योजनाले एक प्रदेश एक मेडिकल कलेजको अवधारणा ल्याए अनुसार कारवाही अगाडि बढेको हो। हाल प्रस्तावित बर्दिबास मेडिकल कलेजको निर्माण गर्ने प्रकृयामा नेपाल सरकारको करिब १० करोड लगानी भईसकेको छ। अहिले निर्माण सम्वन्धमा बढेको अन्यौलताले प्रदेशका आम नागरिकको स्वास्थ्यमा सहज र सरल पहुँचमा असर पर्ने स्पष्ट छ। नगरपालिकाको प्रत्यक्ष रुपमा हक वा स्वार्थ गाँसिएकाले बर्दिबास नगरपालिकाको नगरप्रमुखको हैसियतले कारवाहीमा संलग्न गराई पाउँ भन्ने समेत वेहोराको बर्दिबास नगरपालिकाका नगर प्रमुख प्रल्हाद कुमार क्षेत्रीको निवेदन।

१६. अन्य निकायलाई विपक्षी बनाईए पनि माईस्थान सामुदायिक वन उपभोक्ता समितिलाई विपक्षी बनाईएको छैन। वातावरण प्रभाव मूल्याङ्कनका लागि गरिएको सार्वजनिक सुनुवाई तथा वन क्षेत्रमा मेडिकल कलेज निर्माण गर्न सकिने भनी सिफारिस दिने लगायतका कार्यमा प्रत्यक्ष रुपमा संलग्न भएकोले रिट निवेदनमा उठाइएको विषयमा यस समितिको प्रत्यक्ष सरोकार भए पनि निवेदकले विपक्षी नबनाएको कारण उपभोक्ता समितिकोतर्फबाट सम्मानित अदालतमा कुरा राख्ने मौकाबाट बञ्चित हुनु परेको छ। तसर्थ प्रत्यक्ष रुपमा हक वा स्वार्थ गाँसिएकाले माई स्थान वन उपभोक्ता समितिलाई कारवाहीमा संलग्न गराई पाउँ भन्ने समेत वेहोराको सो वन उपभोक्ता समितिका सदस्य निरबहादुर लुङ्गेली मगरका तर्फबाट पर्न आएको निवेदन।

१७. बर्दिबास मेडिकल कलेजका लागि वातावरण प्रभाव मूल्याङ्कनका गर्न आयोजना गरिएको सार्वजनिक सुनुवाई कार्यमा प्रत्यक्ष रुपमा संलग्न भएकोले रिट निवेदनमा उठाइएको विषयमा यस समितिको प्रत्यक्ष सरोकार भए पनि निवेदकले विपक्षी नबनाएको कारण यस संघको तर्फबाट सम्मानित अदालतमा कुरा राख्ने मौकाबाट बञ्चित हुनु परेको छ। तसर्थ प्रत्यक्ष रुपमा हक वा स्वार्थ गाँसिएकाले बर्दिबास उद्योग वाणिज्य संघलाई कारवाहीमा संलग्न गराई पाउँ भन्ने समेत वेहोराको सो संघका महासचिव  भवनाथ खतिवडाको तर्फबाट परेको निवेदन।

१८. प्रदेश नं. २ को महोत्तरी जिल्लाको बर्दिबासमा बर्दिबास मेडिकल कलेज स्थापनाका लागि जग्गा पहिचान सम्बन्धी कार्यका लागि प्रारम्भिक प्रतिवेदन, Environmental Impact Assessment (EIA) प्रतिवेदन, BARDIBAS MEDICAL COLLEGE INFRASTRUCTURE CONSTRUCTION DEVELOPMENT PROJECT को CONCEPT DESIGN REPORT, विपक्षी मन्त्रालयहरुको विभिन्न मितिको पत्र समेतका कागजात मिसिल संलग्न रहेको।

## यस अदालतको ठहर

१९. नियमानुसार निर्णय सुनाउन तोकिएको आजको पेशी सूचीमा चढी यस इजलास समक्ष पेश हुन आएको प्रस्तुत निवेदनमा समाविष्ट विवादको मूल विषयवस्तुलाई हेर्दा महोत्तरी जिल्लाको चारकोषे झाडीको रुपमा रहेको ५४ हेक्टर वनक्षेत्रलाई मासेर बर्दिबास नगरपालिका वडा नं ४ मा बर्दिबास मेडिकल कलेज निर्माण गर्न जग्गा उपलब्ध गराउने गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०७५।११।३ मा भएको निर्णय तथा सो सम्बन्धमा भएका वातावरणीय प्रभाव मूल्याङ्कन समेतका काम कारबाहीहरु संविधान र कानून विपरीत रहेकोले ती निर्णय र काम कारबाहीहरु बदर गरी उक्त क्षेत्रलाई संरक्षित वन क्षेत्र घोषणा गर्नु भनी नेपाल सरकारका नाममा परमादेश समेतको आदेश जारी गरी पाउन माग दावी लिई प्रस्तुत रिट निवेदन यस अदालतमा दायर हुन आएको देखिन्छ।

२०. प्रस्तुत निवेदनको सुनुवाइको क्रममा निवेदकका तर्फबाट विद्वान अधिवक्ताहरु श्री पंकज कर्ण, श्री मोहना अन्सारी र श्री सञ्जय अधिकारीले वहस गर्नुभयो। निवेदकका तर्फबाट उपस्थित विद्वान अधिवक्ताहरुले कुनै आयोजना सञ्चालन गर्दा यथाशक्य वन क्षेत्र प्रयोग नहुने गरी गर्नु पर्ने भएको, वन क्षेत्रलाई अन्तिम विकल्पको रुपमा मात्र प्रयोग गर्नु पर्ने भएको, वातावरणीय

प्रभाव मूल्याङ्कन नहुँदै प्रस्तावित मेडिकल कलेज निर्माणका लागि वन क्षेत्रको जग्गा दिने गरी नेपाल सरकारबाट निर्णय भइसकेको हुँदा वातावरणीय प्रभाव मूल्याङ्कन औपचारिकताका लागि मात्र गरेको देखिएको, आयोजनास्थलको छनौट गर्दा हचुवाको आधारमा गरिएको, आयोजना सञ्चालनका क्रममा काटिने रुखहरुको सट्टामा थप रुखहरु लगाउने भनिए पनि सो बमोजिमका रुखहरु कहाँ लगाउने हो भन्ने सम्बन्धमा कुनै ठाउँ निश्चित नगरिएको, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागलाई कुनै जानकारी नगराइएको, आयोजना सञ्चालनका लागि अन्य वैकल्पिक स्थानको खोजि नगरी एकैचोटी प्रस्तावित वन क्षेत्र मै मेडिकल कलेज निर्माण गर्ने गरी निर्णय भएको देखिंदा निवेदन माग दावी बमोजिमको आदेश जारी हुनुपर्छ भनी वहस गर्नु भयो।

२१. विपक्षीहरु मध्ये मधेश प्रदेश सरकारका तर्फबाट विद्वान अधिवक्ता श्री रक्षाराम चमार तथा अन्य विपक्षी एवं सरोकारवालाहरुका तर्फबाट महान्यायाधिवक्ता कार्यालयका विद्वान सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मी तथा विद्वान वरिष्ठ अधिवक्ताहरु श्री शम्भु थापा, श्री सतिश कृष्ण खरेल, श्री चण्डेश्वर श्रेष्ठ, श्री मुक्ति प्रधान, श्री शेर वहादुर के शी, श्री रमन कुमार श्रेष्ठ, डा. श्री सुरेन्द्र भण्डारी, श्री हर्क वहादुर भट्टराई, श्री रमेश बडाल र अधिवक्ताहरु श्री टिकाध्वज खड्का, श्री मोहन साह शंकर, श्री शिवराम श्रेष्ठ र श्री कुमार वस्नेतले वहस गर्नु भयो। वहसका क्रममा वहाँहरुले नेपाल सरकारको एक प्रदेश एक मेडिकल कलेज नीति अन्तर्गत प्रदेश नं. २ को बर्दिबासमा १००० शैय्याको आधुनिक सुविधा सहितको मेडिकल कलेज निर्माणका लागि प्रस्तावित भएको हो, प्रदेश नं २ को मेडिकल कलेज बर्दिवासमा निर्माण गर्नु पर्ने कुरामा निवेदकको पनि सहमति रहेको देखिएको छ, मिति २०७५।११।३ मा बर्दिवास नगरपालिका स्थित वडा नं ४ को वनक्षेत्रको जग्गा मेडिकल कलेज निर्माणार्थ दिने गरी नेपाल सरकारबाट निर्णय भएको भनिएको तथ्य गलत हो, हालसम्म मेडिकल कलेज निर्माणका लागि जग्गा दिने निर्णय नेपाल सरकारबाट भइसकेको छैन भनी वहस गर्नुभयो। साथै वहाँहरुले नेपाल सरकारको आ. व. २०७३/७४ को नीति तथा कार्यक्रममा प्रत्येक प्रदेशमा एउटा मेडिकल कलेज खोल्ने विषय समावेश भए अनुसार सोही नीति तथा कार्यक्रमलाई कार्यान्वयन गर्ने क्रममा मिति २०७३।३।२७ मा बर्दिबास मेडिकल कलेजको जग्गा पहिचान सम्बन्धी कार्यका लागि शिक्षा मन्त्रालयको निर्णयबाट जग्गा खोजविन तथा प्रारम्भिक कार्य

समिति गठन भएको हो, बर्दिवास क्षेत्रमा मेडिकल कलेज स्थापनाका लागि समितिले विभिन्न ठाउँमा उपयुक्त जग्गाको खोजि गरेको देखिन्छ, जग्गा खोजिका क्रममा त्यस क्षेत्रका विभिन्न सरोकारवाला व्यक्ति र संस्थाहरुलाई सहभागी गराई छलफल र अन्तरक्रियाहरु गरी मिति २०७३।७।३ मा प्रारम्भिक प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा पेश भएको हो, सोही प्रतिवेदन पछि मिति २०७५।११।३ मा आयोजनाको प्रारम्भिक काम अगाडि बढाउने प्रयोजनका लागि मन्त्रिपरिषदको बैठकबाट केही कर्मचारीहरुको अस्थायी दरवन्दी सम्म स्वीकृत भएको अवस्था हो भनी वहस गर्नु भयो। बर्दिवास मेडिकल कलेजको पूर्वाधार निर्माण विकास आयोजनाको विधिवत कार्य प्रारम्भ मिति २०७६।१।१८ बाट भएकोमा मिति २०७६।३।५ मा प्रस्तावित आयोजना स्थलमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्न वन तथा वातावरण मन्त्रालयबाट सहमति प्राप्त भई विज्ञहरु सहितको समूहबाट वातावरणीय प्रभाव मूल्याङ्कन भएको छ, वातावरणीय प्रभाव मूल्याङ्कनबाट सो क्षेत्रमा मेडिकल कलेज निर्माण गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपर्ने भनी प्रतिवेदन दिएको छ, वन तथा वातावरण मन्त्रालयबाट मिति २०७७।७।२० मा वातावरणीय प्रभाव मूल्याङ्कन विभिन्न शर्त सहित स्वीकृत भएको छ, उक्त आयोजनालाई राष्ट्रिय योजना आयोगबाट राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा स्वीकृत गरिएको छ, वन ऐन, २०७६ को दफा ४२(१) बमोजिम राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका लागि वन क्षेत्रको प्रयोग गर्न सकिने व्यवस्था भएकै छ भन्ने व्यहोराको पनि वहाँहरुले वहस गर्नु भएको छ। यसका अतिरिक्त वहाँहरुले वहस कै क्रममा प्रस्तावित कलेज निजी स्तरमा खोल्न लागिएको नभई सरकारी कलेज कै रुपमा खोल्न लागिएको हो, आम जनताको स्वास्थ्य सम्बन्धी मौलिक अधिकारको संरक्षणको लागि नै मेडिकल कलेज खोल्न लागिएको हो, मेडिकल कलेज स्थापनाका सन्दर्भमा वैकल्पिक स्थानहरुको खोजी गरिएको छ, वातावरणीय प्रभाव मूल्याङ्कन पनि गरिएको छ, कम भन्दा कम मात्र रुख काटियोस् भन्ने तथ्यमा ध्यान दिइएको छ, काटिएका रुखहरुको सट्टामा थप विरुवाहरु लगाउने योजना पनि बनाइएको छ, बरु निवेदकले सरोकारवाला निकायहरुलाई पनि विपक्षी नबनाई हचुवाको आधारमा प्रस्तुत रिट निवेदन दायर गरेको देखिएको छ, तसर्थ रिट निवेदन खारेज हुनु पर्छ भन्ने वहस जिकिर पनि राख्नु भएको छ।

२२. निवेदकका तर्फबाट प्रस्तुत निवेदनमा लिइएको जिकिरहरु, विपक्षीहरुका तर्फबाट प्रस्तुत हुन आएका लिखित जबाफको व्यहोरा, निवेदक तथा विपक्षीहरुका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता र अधिवक्ताहरु एवं सहन्यायाधिवक्ताबाट प्रस्तुत हुन आएका वहश बुँदाहरु र मिसिल संलग्न अन्य कागजातहरु अध्ययन गरी इन्साफ तर्फ बिचार गर्दा प्रस्तुत निवेदनका सन्दर्भमा मूलतः देहायका विषयहरु बिचारणीय रहेको देखिन आयो :

क. निवेदनमा जिकिर लिइएको वन क्षेत्रमा मेडिकल कलेज निर्माणका लागि जग्गा उपलब्ध गराउने गरी नेपाल सरकारबाट निर्णय भइ सकेको अवस्था देखिन्छ वा देखिंदैन ?

ख. प्रस्तावित आयोजनाका लागि गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन त्रुटिपूर्ण रहेको देखिन्छ वा देखिंदैन ?

ग. प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माण गर्ने नेपाल सरकारको निर्णय कानून विपरीत रहेको देखिन्छ वा देखिंदैन ? र,

घ. रिट निवेदकको माग दावी बमोजिम प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माण गर्ने नेपाल सरकारको निर्णय वदर गरी बर्दिबास वन क्षेत्रलाई संरक्षित वन क्षेत्र घोषणा गर्न परमादेशको आदेश समेत जारी हुनु पर्ने देखिन्छ वा देखिंदैन ?

२३. निरुपण हुनु पर्ने उपर्युक्त प्रश्नहरु मध्ये सर्वप्रथम निवेदनमा जिकिर लिइएको वन क्षेत्रमा मेडिकल कलेज निर्माणका लागि जग्गा उपलब्ध गराउने गरी नेपाल सरकारबाट निर्णय भएको अवस्था देखिन्छ वा देखिंदैन भन्ने प्रश्नमा बिचार गरौं। निवेदकका अनुसार महोत्तरी जिल्लाको बर्दिबास नगरपालिकाको वडा नं ४ स्थित वन क्षेत्रमा मेडिकल कलेज निर्माणका लागि उक्त वन क्षेत्रको जग्गा उपलब्ध गराउने गरी नेपाल सरकार, मन्त्रिपरिषदबाट मिति २०७५।११।३ मा निर्णय भएको भनी उल्लेख गरिएको पाइन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको लिखित जबाफबाट नेपाल सरकारको आ.व. २०७३/७४ को बजेट वक्तव्यको प्रकरण नं. २२४ मा एक प्रदेश एक मेडिकल कलेज निर्माण गर्ने अवधारणा कार्यान्वयन गरी जनस्तरसम्म स्वास्थ्य शिक्षा र सेवाको पहुँच विस्तार गरी स्वस्थ नागरिक तथा समृद्ध समाज निर्माणमा योगदान पुऱ्याउन मधेश प्रदेशको महोत्तरी जिल्लाको बर्दिबासमा बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना कार्यान्वयन भएको भन्ने देखिन्छ। उक्त आयोजनाले बर्दिबासमा एकहजार (१०००) शैय्याको अस्पताल निर्माण गरी

अन्तर्राष्ट्रिय स्तरको स्वास्थ्य सेवा प्रदान गर्ने र प्रतिभावान एवम विपन्न नागरिकले चिकित्सा तथा नर्सिङ्ग शिक्षा प्राप्त गरी प्राविधिक जनशक्ति उत्पादनको लागि योजना शुरु भएको भन्ने व्यहोरा पनि लिखित जबाफमा उल्लेख भएको देखिन्छ। बर्दिबास क्षेत्रमा १००० शैय्याको मेडिकल कलेज निर्माणका लागि भौतिक पूर्वाधार निर्माण तथा मेडिकल कलेज सञ्चालनका लागि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्रस्ताव भएको तथ्यमा विवाद रहेको देखिंदैन। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको च. नं. १३२ मिति २०७६।६।२८ को पत्रसाथ बर्दिबास मेडिकल कलेज निर्माणका लागि क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची समेत वन तथा वातावरण मन्त्रालयमा प्राप्त भएको तथ्य वन तथा वातावरण मन्त्रालयको लिखित जबाफमा उल्लेख भएको देखिन्छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट सो बमोजिमको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची प्राप्त भए पछि वन तथा वातावरण मन्त्रालयबाट वातावरण संरक्षण ऐन, २०७६ को दफा ७ को उपदफा (२) बमोजिमको विशेषज्ञहरु सम्मिलित एक समिति गठन गरी सोही समितिको छलफलबाट प्राप्त राय सुझावहरुलाई संलग्न राखी प्रस्तावलाई परिमार्जन गर्न लगाइएको तथा परिमार्जन पछि प्राप्त प्रतिवेदनमा विभिन्न शर्तहरु तोकी मिति २०७६।१०।२९ मा क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत गरिएको व्यहोरा पनि वन तथा वातावरण मन्त्रालयको लिखित जबाफमा उल्लेख गरिएको पाइन्छ। तर नेपाल सरकार, वन तथा वातावरण मन्त्रालयको लिखित जबाफमा माइस्थान सामुदायिक वनको ५७ हेक्टर र गढवन्ता बर्दिबास साझेदारी वनको ४४.५९ हेक्टर गरी जम्मा १०१.५९ हेक्टर राष्टिय वन क्षेत्रको जग्गा प्रयोग गर्न दिने र सो क्षेत्रमा रहेका रुखहरु हटाउन स्वीकृति दिने सम्बन्धी विषयमा उक्त मन्त्रालयबाट टुङ्गो लागी नसकेको र सो सम्बन्धमा अन्तिम निर्णय नेपाल सरकारबाट हुनु पर्ने प्रावधान रहेकोमा सो बमोजिमको निर्णय नेपाल सरकारबाट पनि हुन बाँकी नै रहेको भनी उल्लेख भएको देखिन्छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको लिखित जबाफ हेर्दा पनि शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत स्थापना हुने मेडिकल कलेजको भौतिक पूर्वाधार निर्माण कार्य सञ्चालन गर्न आ. व. २०७५/७६ का लागि अस्थायी दरवन्दी स्वीकृत गर्न दरवन्दी समितिले सिफारिश गरे बमोजिम नेपाल सरकार, मन्त्रिपरिषदबाट बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाको अस्थायी दरवन्दी सम्म स्वीकृत गरिएको तर बर्दिबास मेडिकल कलेजलाई

वनक्षेत्र प्रयोग गर्न दिने भनी कुनै किसिमको निर्णय नेपाल सरकार, मन्त्रिपरिषदबाट भएको छैन भनी उल्लेख भएको देखिन्छ। लिखित जबाफमा उल्लिखित यी व्यहोराहरुबाट बर्दिवास क्षेत्रमा मेडिकल कलेज स्थापनाका लागि उपयुक्त जग्गाको खोजि गर्ने र प्रस्तावित क्षेत्रमा मेडिकल कलेज स्थापना गर्दा त्यस क्षेत्रको वातावरणमा प्रतिकूल प्रभाव पर्छ वा पर्दैन भन्ने किसिमको अध्ययनहरु भइ रहेको देखिएको भए पनि प्रस्तावित जग्गामा मेडिकल कलेजको पूर्वाधार निर्माण गर्ने गरी जग्गा प्रदान गर्ने निर्णय नेपाल सरकारबाट भइ नसकेको देखियो।

२४. अब प्रस्तावित आयोजनाका लागि गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन त्रुटिपूर्ण रहेको देखिन्छ वा देखिंदैन भन्ने निवेदनमा उठाइएको अर्को प्रश्नमा बिचार गरौं। निवेदकले वातावरणीय प्रभाव मूल्याङ्कन त्रुटिपूर्ण रहेको भन्ने आधारको रुपमा मुख्यतः देहायका विषयहरु उल्लेख गरेको पाइन्छ :

(क) वनक्षेत्र बाहेक अन्य कहाँ विकल्प खोजिएको हो र ती विकल्पहरुमा किन निर्माण सम्भव नभएको हो भन्ने नखुलेको,

(ख) मुख्य स्टेकहोल्डर डिभिजन वन कार्यालयसंग समन्वय नगरिएको र उक्त कार्यालयको सहमति पनि नलिइएको,

(ग) वातावरणीय प्रभाव मूल्याङ्कन मन्त्रिपरिषदबाट स्वीकृत गरिएको भए पनि सबै सरोकारवालाहरुसंग छलफल गरिएको अवस्था नरहेको,

(घ) वातावरणीय प्रभाव मूल्याङ्कन वदनियतपूर्ण र कानूनी त्रुटिपूर्ण रहेको।

२५. निश्चय नै वातावरणीय प्रभाव मूल्याङ्कन कुनै आयोजना प्रारम्भ गर्नका लागि पूरा गरिनु पर्ने एउटा औपचारिकता मात्र होइन। वातावरणीय प्रभाव मूल्याङ्कन कानूनद्वारा निर्धारित प्रक्रिया बमोजिम सम्पन्न हुनु पर्ने कुरामा पनि विवाद हुन सक्दैन। आजको युगमा प्राकृतिक स्रोत र सम्पदा माथिको बढ्दो चाप र दबाबले समग्र प्राणी जगतको जीवनचर्या मात्र प्रभावित बनिरहेको छैन, अस्तित्व नै संकटमा पर्ने जोखिम पनि बढी रहेको छ। प्राकृतिक स्रोत र सम्पदाको अन्धाधुन्द दोहणले तत्कालका लागि मानव जीवनलाई केही सहज र सुखद त बनाउला तर भावि दिनहरुमा यसबाट उत्पन्न हुन सक्ने परिणामहरु भयावह र अकल्पनीय हुन सक्ने तर्फ वातावरणविदहरुले चेतावनीको भाषा प्रयोग गर्न थालेको प्रति पनि आँखा चिम्लन मिल्दैन। यसैले कुनै पनि विकास आयोजना सञ्चालन गर्नु पूर्व त्यस्तो विकास आयोजनाले वातावरणमा पार्न

सक्ने प्रभावहरुको अध्ययन गर्ने विषय हामी मानव जगत कै हितका लागि हो भन्ने बुझ्नुपर्दछ। यस अर्थमा केवल औपचारिकतका लागि मात्र गरिने वातावरणीय प्रभाव मूल्याङ्कनले मान्यता पाउन नहुने तथ्यमा यो इजलास सहमत छ। आयोजना सञ्चालनका सम्बन्धमा वातावरणीय प्रभाव मूल्याङ्कनको यो महत्वको सन्दर्भमा विवादित वातावरणीय प्रभाव मूल्याङ्कनको अवस्थालाई हेर्नु पर्दा सर्वप्रथम यस सम्बन्धी प्रचलित कानूनी व्यवस्थालाई हेर्नु प्रासङ्गिक हुने देखिन्छ। यस सम्बन्धमा मूलतः वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ का कानूनी व्यवस्थाहरु सान्दर्भिक रहेको देखिन्छ। वातावरण संरक्षण ऐन, २०७६ को दफा ३(१) मा कुनै आयोजना सम्बन्धी प्रस्ताव सञ्चालन गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्नु पर्ने व्यवस्था भएको पाइन्छ भने सोही दफा ३ को उपदफा (२) मा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाका हकमा यस्तो वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृतिका लागि वन तथा वातावरण मन्त्रालयमा पेश गर्नु पर्ने व्यवस्था भएको पाइन्छ। सोही दफा ३ को उपदफा (५) मा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा सार्वजनिक सुनुवाइ गर्नु पर्ने व्यवस्था भएको पाइन्छ भने उपदफा (६) मा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था नियमावलीमा तोकिए बमोजिम हुने व्यवस्था भएको पाइन्छ। वातावरण संरक्षण ऐन, २०७६ कै दफा ५ मा वातावरण प्रभाव मूल्याङ्कन गर्नु पर्दा क्षेत्र निर्धारण र कार्यसूची स्वीकृत गराउनु पर्ने व्यवस्था भएको पाइन्छ। यसैगरी दफा ६ मा वातावरणीय प्रभाव मूल्याङ्कन नेपाल सरकारद्वारा निर्धारित मापदण्ड र गुणस्तर कायम हुने गरी गरिएको हुनु पर्ने गरी व्यवस्था भएको पाइन्छ। सोही ऐनको दफा ७ मा वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धित निकायबाट आवश्यक जाँचबुझ गरी स्वीकृत गर्न सक्ने, थप जाँचबुझ गर्नु परेमा विषय विज्ञ समेत सम्मिलित समिति गठन गरेर थप जाँचबुझ गराउन सक्ने, आवश्यक परे थप वातावरणीय प्रभाव अध्ययन गर्न आदेश दिन सक्ने र जाँचबुझ गर्दा प्रस्तावित आयोजना सञ्चालनको कार्यबाट वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने नदेखिएमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न सक्ने व्यवस्था भएको पाइन्छ। साथै दफा ८ मा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत नगराई कुनै पनि आयोजना सञ्चालन गर्न नपाइने व्यवस्था भएको देखिन्छ। वातावरण संरक्षण नियमावली, २०७७ मा भएको व्यवस्थालाई हेर्दा नियम ४ मा आयोजना सञ्चालन गर्नु अघि क्षेत्र निर्धारण गर्नु पर्ने, सो प्रयोजनका लागि आयोजना सञ्चालन

हुने स्थानीय तह तथा सो क्षेत्रका सरोकारवाला निकाय, व्यक्ति र संस्थाहरुबाट सो क्षेत्रमा आयोजना सञ्चालन हुँदा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावहरुका सम्बन्धमा राय सुझाव दिन कम्तिमा ७ दिनको अवधि दिई सूचना प्रकाशन गर्नु पर्ने, प्राप्त सुझावहरु समेतको आधारमा क्षेत्र निर्धारण प्रतिवेदन तयार गरी स्वीकृतिका लागि पेश गर्नु पर्ने व्यवस्था भएको पाइन्छ। नियम ५ मा कार्यसूची तयार गर्ने कार्यविधिको व्यवस्था भएको पाइन्छ भने नियम ६ मा वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा गरिनु पर्ने सार्वजनिक सुनुवाइको कार्यविधि तोकिएको पाइन्छ। नियमा ६ मा उल्लेख भए अनुसार सार्वजनिक सुनुवाइ गर्दा आयोजनाबाट प्रभावित हुने क्षेत्रमा गर्नु पर्ने, सार्वजनिक सुनुवाइमा आयोजनाबाट प्रभावित हुने स्थानीय समुदाय, वन उपभोक्ता समूह, स्थानीय तहका प्रतिनिधि लगायत  अन्य सरोकारवालाहरु समेत सहभागी हुन सक्ने गरी सार्वजनिक सुनुवाइ हुने मिति र स्थान समेत खुल्ने गरी प्रचार प्रसारका लागि विभिन्न संचार माध्यममा सूचना प्रसार गर्नुका अतिरिक्त सम्बन्धित ठाउँमा सूचना समेत टाँस गर्नु पर्ने व्यवस्था भएको पाइन्छ। नियम ७ मा क्षेत्र निर्धारण प्रतिवेदन, स्वीकृत कार्यसूची र सार्वजनिक सुनुवाइका क्रममा प्राप्त राय सुझाव समेतको आधारमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गरी स्वीकृतिका लागि पेश गर्नु पर्ने व्यवस्था भएको पाइन्छ। पेश हुन आएको प्रतिवेदन जाँचबुझ गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने नदेखिएमा वन तथा वातावरण मन्त्रालयले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्न सक्ने व्यवस्था भएको पाइन्छ।

२६. माथि उल्लिखित कानूनी व्यवस्थाको रोहमा प्रस्तुत निवेदनमा विवादमा ल्याइएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको स्थितिलाई हेर्दा वन तथा वातावरण मन्त्रालयको लिखित जवाफबाट विवादित क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन हुनु भन्दा अगाडि मेडिकल कलेज निर्माणका लागि प्रस्तावित क्षेत्र निर्धारण प्रतिवेदन लिइएको, सो प्रतिवेदनमा प्रस्तावित क्षेत्र निर्धारणका सम्बन्धमा विशेषज्ञहरुको एउटा समिति बनाई सुझावहरु लिइएको, समितिबाट प्राप्त सुझावहरु संलग्न गरी निर्माण प्रस्ताव परिमार्जन गर्न लगाइएको, परिमार्जन पछि पनि विभिन्न शर्तहरु तोकेर मात्र क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूची स्वीकृत गरिएको देखिनुका साथै सोही क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीको आधारमा तयार गरिएको वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट प्राप्त भएकोमा वन तथा वातावरण

मन्त्रालयबाट मिति २०७७।७।२० मा स्वीकृत भएको भन्ने देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत गर्नु भन्दा अगाडि वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९ को उपनियम (६) बमोजिम उक्त प्रतिवेदनलाई सूचनामा तोकिएको स्थानहरु तथा मन्त्रालयको वेबसाइटमा समेत राखी सार्वजनिक सूचना प्रकाशन गरी सुझावहरु माग गरिएको तथा प्राप्त सुझावहरु संलग्न गरी प्रस्तावकलाई परिमार्जन गर्न लगाई प्रचलित कानूनको वर्खिलाप नहुने गरी प्रतिवेदनले औंल्याएका र कार्यान्वियन गर्न प्रतिवद्धता जनाइएका विषयहरुको कार्यान्वयन गर्ने गराउने गरी शर्तहरु तोकेर मात्र मिति २०७७।७।२० मा स्वीकृत गरिएको भन्ने व्यहोरा पनि लिखित जबाफमा उल्लेख गरिएको देखिन्छ। मिसिल संलग्न कागजातहरुको अध्ययन गर्दा मिति २०७३।३।१३ को नागरिक पत्रिकामा आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कनका लागि क्षेत्र निर्धारण सम्बन्धी सूचना प्रकाशित गरी मेडिकल कलेज निर्माणका लागि उपयुक्त हुने सम्भावित क्षेत्र, मेडिकल कलेज निर्माणबाट सो क्षेत्रमा पर्न सक्ने जैविक, पर्यावरणीय र सामाजिक सांस्कृतिक वातावरणीय प्रभाव तथा ती प्रभावहरुको न्यूनीकारणका लागि अवलम्वन गर्नु पर्ने उपायहरुका सम्बन्धमा सरोकारवाला व्यक्ति र संस्थाहरुबाट सुझाव आव्हान गरिएको देखिन्छ। मिति २०७६।८।१७ मा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन सुझाव समितिको बैठक वन तथा वातावरण मन्त्रालयमा बसी वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदन तयार पार्ने प्रयोजनका लागि तयार पारिएको क्षेत्र निर्धारण प्रतिवेदन र कार्यसूचीमा छलफल गरी विभिन्न राय सुझावहरु दिएको देखिन्छ। उक्त बैठकमा वातावरण विभाग, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, वन तथा भू–संरक्षण विभाग, वन तथा वातावरण मन्त्रालय, वन तथा जलाधार महाशाखा, वन जैविक प्रविधि शाखाका अतिरिक्त भौतिक वातावरण विज्ञ, जैविक वातावरण विज्ञ, सामाजिक आर्थिक वातावरण विज्ञ र जनस्वास्थ्य विज्ञको समेत सहभागिता रहेको देखिन्छ। वन तथा वातावरण मन्त्रालयको मिति २०७६।१०।२९ को निर्णयानुसार विभिन्न शर्तहरु सहित आयोजना प्रस्तावको क्षेत्र निर्धारण प्रतिवेदन तथा कार्यसूची स्वीकृत भएको देखिन्छ। यो प्रक्रियामा कुन कानूनले निर्दिष्ट गरेको कुन कानूनी प्रक्रिया पूरा नगरिएको हो भन्ने सम्बन्धमा निवेदनमा स्पष्ट रुपमा किटान गरी खुलाउन सकिएको देखिंदैन। मिति २०७७।१२।१३ को डि. पि. आर. को अवधारणागत प्रतिवेदन प्रस्तुतिमा डिभिजन वन कार्यालयसंग बसेर छलफल भएको कुरा

डिभिजन वन कार्यालयको छलफलको माइन्युटमा रहेको र त्यसमा सो कार्यालयको प्रतिनिधिको दस्तखत समेत रहेको देखिएको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको लिखित जबाफ हेर्दा नेपालको संविधान अन्तर्गत व्यवस्थित स्वास्थ्य सम्बन्धी हकलाई कार्यान्वयन गर्ने उद्देश्यले सरकारको चौधौं योजनामा एक प्रदेश एक मेडिकल कलेजको अवधारणालाई सूत्रपात गरी नेपाल सरकारको आ व २०७३/७४ को बजेट बक्तव्यको प्रकरण नं. २२४ मा मेडिकल कलेज स्थापना गर्ने नीतिगत विषय समावेश भएको र बजेट बक्तव्यमा उल्लिखित सोही नीति कार्यान्वयन गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको मिति २०७३।३।२७ को निर्णयानुसार जग्गा खोजविन तथा व्यवस्थापन समिति गठन भएको र सो समितिले जग्गा खोजविन तथा व्यवस्थापन गर्ने सिलसिलामा जिल्ला तथा स्थानीय तहका सबै सरोकारवालाहरुसंग पटक पटक बैठक र छलफल गरी हालको प्रस्तावित- जग्गाका सम्बन्धमा निर्णय गरेको भनी उल्लेख गरेको देखिन्छ। प्रस्तावित वन क्षेत्र माइस्थान सामुदायिक वन उपभोक्ता समूह र गढन्ता बर्दिवास साझेदारी वन उपभोक्ता समूह अन्तर्गत व्यवस्थापन भइ आएकोमा ती वन उपभोक्ता समूहहरुसंग पनि वृहत छलफल र अन्तरक्रिया भएको तथा प्रस्तावित क्षेत्रमा मेडिकल कलेज स्थापना गर्न उपयुक्त हुने भनी सहमतिको पत्र सरोकारवाला समितिलाई लेखेको देखिन्छ। उल्लेख भए अनुसारको छलफल र अन्तरक्रिया भएको तथ्य बैठकहरुको निर्णय प्रतिबाट देखिएको छ। सो बमोजिमको प्रारम्भिक प्रतिवेदन प्राप्त भए पछि मात्र बर्दीवास मेडिकल कलेज स्थापनाको कारबाही अगाडि बढेको र सो प्रयोजनका लागि मिति २०७५।११।३ मा मात्र मन्त्रिपरिषदको निर्णयबाट अस्थायी दरबन्दी र पूर्वाधार निर्माण विकास आयोजना स्वीकृत भई मिति २०७६।१।१८ बाट बर्दिवास मेडिकल कलेजको पूर्वाधार निर्माण विकास आयोजनाको विधिवत कार्य प्रारम्भ भएको देखिन्छ। मिति २०७६।१०।८ मा प्रस्तावित जग्गाको विस्तृत सर्वेक्षण सहितको गुरुयोजना शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत भएको पाइन्छ। बर्दिबास मेडिकल कलेज पूर्वाधार विकास आयोजना महोत्तरी, बर्दिबासले उक्त क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन सम्बन्धी सार्वजनिक सुनुवाइ कार्यक्रममा उपस्थितिका लागि राष्ट्रिय दैनिक पत्रिका जनकपुर टुडेमा मिति २०७६।११।१२ मा सूचना प्रकाशन गरी डिभिजन वन कार्यालय, सव-डिभिजन वन कार्यालय, माइस्थान सामुदायिक वन लगायत स्थानीय सरोकारवालाहरुको उपस्थितिमा

मिति २०७६।११।२३ मा सार्वजनिक सुनुवाइ कार्यक्रम सञ्चालन गरेको देखिंदा सरोकारवाला निकायहरुको संलग्नता नरहेको भन्ने निवेदन जिकिर पनि तथ्यमा आधारित रहेको देखिंदैन। यसका अतिरिक्त वन तथा वातावरण मन्त्रालयका सचिब स्तरबाट वातावरण संरक्षण नियमावली, २०७७ को नियम ९(६) बमोजिम सर्वसाधारण व्यक्तिहरु र संस्थाहरुको राय सुझाव संकलन प्रयोजनका लागि विभिन्न स्थानहरुमा ७ दिनको लागि प्रतिवेदन सार्वजनिक गर्ने गरी मिति २०७७।४।१ मा निर्णय भए अनुसार मिति २०७७।४।१४ मा सार्वजनिक सूचना पनि प्रकाशन भएको देखिन्छ। यी प्रक्रियाहरु पछि मिति २०७७।७।२० मा वन तथा वातावरण मन्त्रालयबाट वातावरणीय प्रमाव मूल्याङ्कनं स्वीकृत भएको देखिन्छ। उक्त मितिमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुँदा पनि देहाय बमोजिमका शर्तहरु सहित स्वीकृत भएको देखिन्छ :

क. प्रस्ताव कार्यान्वयनको क्रममा थप नयाँ नकारात्मक वातावरणीय प्रभावहरु देखिएमा प्रस्तावक स्वयंको खर्चमा न्यूनीकरण/निराकरण गर्नु पर्ने,

ख. प्रस्ताव कार्यान्वयनको सिलसिलामा प्रस्तावकले नियमित अनुगमनको व्यवस्था गर्नु पर्ने तथा अनुगमन प्रतिवेदन वन तथा वातावरण मन्त्रालय लगायत सरोकारवाला निकायहरुलाई नियमित रुपमा पेश गर्नु पर्ने,

ग. वातावरण र स्वास्थ्य सम्बन्धी विद्यमान ऐन नियम तथा मन्त्रालयबाट जारी भएका मापदण्डहरुको पूर्ण पालना गरी प्रस्तावको कार्यान्वयन गर्नु पर्ने,

घ. आयोजना कार्यान्वयनबाट निस्कने फोहोर पदार्थहरुको विसर्जन गर्दा भविष्यमा पर्न सक्ने नकारात्मक प्रभावहरु नदेखिने गरी कार्यान्वयन गर्नु पर्ने,

ङ. आयोजनाको सार्वजनिक सुनुवाइको क्रममा उठेका सवालहरुलाई प्रस्तावकले आफ्नै लागतमा कार्यान्वयन गर्नु पर्ने,

च. आयोजना कार्यान्वयन गर्दा सरोकारवाला निकायहरुसंग गर्नु पर्ने आवश्यक समन्वय प्रस्तावकले गर्नु पर्ने।

२७. वन तथा भूसंरक्षण विभागको च. नं. १५६ मार्फत मिति २०७७।९।२९ मा डिभिजन वन कार्यालय, महोत्तरीलाई पत्र लेखी आवश्यकता अनुसार स्थलगत निरीक्षण र जाँचबुझ गरी प्रस्तावित आयोजनाका सम्बन्धमा यकिन राय माग गरेको देखिन्छ भने मिति २०७८।३।३१

मा डिभिजन वन कार्यालयले आफ्नो राय समेत दिएको देखिन्छ। बर्दिबास मेडिकल कलेज निर्माण गर्न प्रस्तावित जग्गा भव्सी खोलाको किनारसमेत रहेको र उक्त जग्गा भव्सी खोलाले वर्षेनी कटान गर्ने क्षेत्र रहेको भए पनि कटान भएको क्षेत्रलाई तटबन्ध निर्माण गरी सो नदी उकासबाट धेरै जग्गा निस्कनुका साथै उक्त खोलाको पश्चिम पट्टि हाल खेल मैदान रहेकोले सो नदी उकास र खेल मैदान भएको जग्गा समेतमा मेडिकल कलेज बनाउन प्रस्ताव गरी वन क्षेत्रलाई जोगाउने गरी मेडिकल कलेज निर्माण गर्न डिजाइन गरिएको भन्ने व्यहोरा पनि प्रधानमन्त्री तथा मन्त्रिपरिषद कार्यालयको लिखित जबाफबाट देखिन्छ। बरु भव्सी खोलाको तटबन्ध गर्ने कार्यले सो क्षेत्रको जग्गामा बर्षेनी हुने भूक्षयको प्रकोपलाई नियन्त्रण गरी त्यस क्षेत्रको जग्गाको संरक्षणमा योगदान पुग्न सक्ने देखिएको व्यहोरा पनि लिखित जबाफबाट देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार गर्दा अवलम्वन गरिएका यी प्रक्रियाहरुलाई हेर्दा प्रचलित कानून विपरीत रहेको भन्ने देखिन आएन।

२८. जहाँसम्म वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा अन्य वैकल्पिक स्थानहरुको अध्ययन नगरिएको भन्ने निवेदन जिकिर छ, सो सम्बन्धमा बिचार गर्दा वातावरण संरक्षण ऐन, २०७६ को दफा ४(१) मा भएको व्यवस्थालाई हेर्नु प्रासङ्गिक हुन्छ। उक्त दफा ४ मा "विकल्पको विस्तृत विश्लेषण गर्नु पर्ने" भन्ने उल्लेख भई उपदफा (१) मा "प्रस्तावकले वातावरणीय अध्ययन प्रतिवेदनमा त्यस्तो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पुग्न सक्ने प्रतिकूल प्रभाव र त्यसको न्यूनीकरणको लागि अपनाउनु सकिने विभिन्न विकल्पहरुको विस्तृत विश्लेषण गरी त्यस्ता विकल्प मध्ये प्रस्ताव कार्यान्वयन गर्न उपयुक्त हुने विकल्प र सो विकल्प कार्यान्वयन गर्न सकिने आधार र कारण समेत सिफारिश गर्नु पर्नेछ" भन्ने व्यवस्था भएको देखिन्छ। दफा ४(१) मा गरिएको यो व्यवस्थाबाट विभिन्न वैकल्पिक स्थानहरुको वातावरणीय प्रभाव मूल्याङ्कन गरी ती मध्येको उपयुक्त स्थानमा आयोजना प्रस्ताव सञ्चालनका लागि सिफारिश गर्नु पर्ने भन्ने नभई क्षेत्र निर्धारण प्रतिवेदनमा पहिचान गरिएको क्षेत्रमा वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने र वातावरणीय प्रभाव मूल्याङ्कन गर्दा पनि पहिचान गरिएको प्रस्तावित क्षेत्रमा आयोजना प्रस्ताव सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव नपर्ने देखिएमा सोही बमोजिमको सिफारिश गरिने भन्ने देखिन्छ। त्यसैले हालको प्रस्तावित वन क्षेत्रमा मात्र वातावरणीय प्रभाव मूल्याङ्कन गरेको र अन्य वैकल्पिक क्षेत्रमा वातावरणीय प्रभाव मूल्याङ्कन नै नगरेको मिलेन

भनी लिइएको निवेदन जिकिर कानूनसंगत रहेको देखिंदैन। यसका अतिरिक्त बर्दिवास मेडिकल कलेज जग्गा खोजविन प्रारम्भिक कार्य समितिको मिति २०७३।५।२९ गते बसेको बैठकको निर्णय प्रति हेर्दा उक्त बैठक प्रस्तावित कलेज निर्माण गर्ने जग्गा यकिन गर्न बसेको देखिन्छ र देहाय अनुसारको निर्णय भएको देखिन्छ :

"प्रस्ताव नं. १ माथि छलफल गर्दा प्रस्तावित मेडिकल कलेजको स्थापनाको लागि उपयुक्त जग्गा छनौटको लागि सरोकारवाला सबैमा प्रस्ताव आव्हान गरिएकोमा जनता क्याम्पस भन्दा पूर्व बर्दिवास नगरपालिका वडा नं ३ र ९ को बीचमा रातु खोला नदी उकासको जग्गा र बर्दिवास नगरपालिका वडा नं १० को माइस्थान सामुदायिक वन क्षेत्रको राजमार्ग उत्तर आवादी गाउँ देखि दक्षिण भब्सी खोला देखि पश्चिम पंचधुरा माई मन्दिर जाने बाटो देखि पूर्व यति चार किल्ला भित्रको हैसियत खराब भएको वन क्षेत्र प्रस्ताव भइ आएकोमा दुवै मध्ये माइस्थान सामुदायिक वन क्षेत्रको जग्गा मेडिकल कलेजका लागि उपयुक्त देखिएको हुनाले सोही जग्गा प्रस्ताव गर्ने निर्णय गरियो"।

२९. माथि उल्लेख भए बमोजिमको निर्णय भए पछि सोही प्रस्तावित जग्गाका सम्बन्धमा छलफल गर्न पुनः सोही मितिमा विभिन्न राजनीतिक दल र संघ संस्थाका प्रतिनिधिहरु लगायत वुद्धिजीविहरु सहित ११३ जनाको उपस्थितिमा भेला भएकोमा सो भेलाले पनि प्रस्तावित जग्गा मै मेडिकल कलेज निर्माण गर्न उपयुक्त हुने भएको निर्णय गरेको पाइन्छ। मिति २०७३ साल श्रावण देखि पटक पटक बैठक बसी उपयुक्त जग्गाको खोजिका लागि विभिन्न सरोकारवालाहरुबाट राय सुझाव आह्वान गरिएको छ, राय सुझाव कै लागि पनि विभिन्न सरोकारवालाहरुसंग पटक पटक भेला गरिएको छ, राय सुझावका रुपमा प्राप्त वैल्पिक स्थानहरुमा समितिका सदस्यहरुबाट स्थलगत अवलोकन गर्ने कार्य पनि भएको देखिन्छ। मिसिल संलग्न कागजातबाट देखिएका यी बैठक र भेलाका निर्णय प्रतिहरु हेर्दा निवेदकले भने जस्तो अन्य वैकल्पिक स्थानहरु नखोजी एकै पटक हाल प्रस्तावित वन क्षेत्र मै मेडिकल कलेज निर्माणका लागि स्थान छनौट गरिएको स्थिति पनि देखिन आएन।

३०. अब प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माण गर्ने नेपाल सरकारको निर्णय कानून विपरीत रहेको देखिन्छ वा देखिंदैन भन्ने अर्को प्रश्नमा बिचार गरौं। यस सम्बन्धमा बिचार गर्नु पर्दा सर्वप्रथम वन क्षेत्रमा विकास आयोजना सञ्चालन गर्ने विषयसंग सम्बन्धित कानूनी व्यवस्था

हेर्नु पर्ने हुन्छ। यस सम्बन्धी कानूनी व्यवस्थाको रुपमा रहेको वन ऐन, २०७६ को दफा ४१ मा राष्ट्रिय वनको कुनै पनि भाग वन क्षेत्रको भू–उपयोग परिवर्तन हुने गरी प्रयोग गरिने छैन भन्ने व्यवस्था भएको पाइन्छ। वन ऐन, २०७६ को दफा ४१ मा भएको यो व्यवस्थालाई आधार मान्दा वन क्षेत्रको भू–उपयोग परिवर्तन हुने गरी मेडिकल कलेजको पूर्वाधार पनि निर्माण गर्न नपाइने स्पष्ट छ। तथापि सोही दफा ४१ मा प्रतिवन्धात्मक वाक्यांश राखी पूर्वाधार विकासको लागि नेपाल सरकारको निर्णय बमोजिम कुनै आयोजनालाई उपलब्ध गराएको वन क्षेत्रको हकमा यो व्यवस्था लागू हुने छैन भनी उल्लेख भएको देखिन्छ। यो प्रतिवन्धात्मक वाक्यांशमा गरिएको उल्लेखनलाई आधार मान्दा यदि कुनै आयोजनाका हकमा नेपाल सरकारकै निर्णय बमोजिम वन क्षेत्रको जग्गा उपलब्ध गराइएको रहेछ भने त्यस्तो वन क्षेत्र आयोजनाको पूर्वाधार निर्माणका लागि प्रयोग हुन सक्ने व्यवस्था कानूनले गरेको देखिन आउँछ। यसै गरी सोही ऐनको दफा ४२ मा "वन क्षेत्रको प्रयोग" शीर्षक अन्तर्गत पनि कुनै आयोजना विशेषको लागि वन क्षेत्रको जग्गा प्रयोग हुन सक्ने कानूनी व्यवस्था भएको पाइन्छ। उक्त दफा ४२ को उपदफा (१) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए पनि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना ... सञ्चालन गर्न वन क्षेत्रको प्रयोग गर्नु बाहेक अन्य कुनै पनि विकल्प नभएमा र प्रचलित कानून बमोजिमको वातावरणीय परीक्षणबाट त्यस्तो योजना सञ्चालन गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल असर नपर्ने देखिएमा नेपाल सरकारले त्यस्तो योजना सञ्चालन गर्नको निमित्त राष्ट्रिय वनको कुनै भाग प्रयोग गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ" भन्ने व्यवस्था भएको पाइन्छ। राष्ट्रिय प्राथमिकता प्राप्त योजना सञ्चालन गर्न राष्ट्रिय वन क्षेत्र प्रयोग गर्न स्वीकृति दिने सम्बन्धमा नेपाल सरकारद्वारा जारी मापदण्ड सहितको कार्यविधि, २०७६ को दफा ३ को उपदफा (२) मा कुनै योजनाको सम्भाव्यता अध्ययन गर्दा राष्ट्रिय वन क्षेत्र नै प्रयोग गर्नु पर्ने भएमा अति आवश्यक पर्ने न्यूनतम वन क्षेत्र मात्र प्रयोग गर्ने वा न्यूनतम रुख विरुवा हटाउनु पर्ने विकल्पको छनौट गर्नु पर्नेछ भन्ने व्यवस्था गरिएको पाइन्छ। कार्यविधिमा गरिएको यो व्यवस्थाबाट पनि कुनै आयोजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग नै गर्न नपाइने वा नसकिने भन्ने नभई आवश्यकता अनुसार वन क्षेत्र पनि प्रयोग गर्न पाइने तर न्यूनतम रुख विरुवा हटाउनु पर्ने विकल्प छनौट गर्नु पर्ने भन्ने देखिन्छ। यी कानूनी व्यवस्थाहरुको सन्दर्भमा प्रस्तुत निवेदनमा उठाइएका विषयहरुलाई हेर्दा

वन तथा वातावरण मन्त्रालयको लिखित जबाफमा उल्लेख भए अनुसार प्रस्तावित मेडिकल कलेज निर्माण सम्बन्धी पूर्वाधार विकास आयोजनालाई राष्ट्रिय योजना आयोगको मिति २०७७।८।१२ को निर्णयले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा सिफारिश गरिएको भन्ने देखिएको छ। स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनको पृष्ठ ५५ मा प्रस्तावित मेडिकल कलेज निर्माणका लागि जुन क्षेत्र प्रस्ताव गरिएको छ त्यो क्षेत्र सर्वोत्तम विकल्पको रुपमा रहेको भनी उल्लेख भएको देखिन्छ। त्यो भन्दा पनि अझ एक कदम अगाडि बढेर वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा प्रस्तावित वन क्षेत्र खराब हैसियतको वन क्षेत्र रहेको, गाई वस्तुको चरनको रुपमा प्रयोग भइरहेको, ग्रामीण सडकले घेरिएको, स्थानीय समुदायबाट दोहण गरिएको र नजिकै रहेको खोलाबाट क्षयीकरण भएको अवस्थामा रहेको भन्दै प्रस्तावित आयोजनाको सञ्चालनबाट सरकारी जग्गाको राम्रो उपयोग हुन सकी बाँकी वन क्षेत्रको संरक्षणको लागि मध्यवर्ती क्षेत्रको रुपमा पनि काम गर्न सक्ने भनी औंल्याइएको पाइन्छ। प्रधान मन्त्री तथा मन्त्रिपरिषद कार्यालयको लिखित जबाफबाट बर्दिबास मेडिकल कलेज निर्माणको लागि शुरुमा १०१.५९ हेक्टर जग्गामा वातावरणीय प्रभाव मूल्याङ्कन तथा गुरुयोजना निर्माण भएको भए पनि १०१ हेक्टरको सबै जग्गा प्रयोग गर्दा धेरै रुखहरु काट्नु पर्ने अवस्था देखिएकोले रुखहरुको क्षति न्युनीकरण गर्ने हेतुले पश्चिममा अतावे खोला र पूर्वमा भव्सी खोलाको बीचको ५४.५८ हेक्टर क्षेत्रभित्र मात्र संरचना निर्माण गर्न सुझाव आए बमोजिम पहिले तयार भएको गुरुयोजनालाई संशोधन गरी ५४.५८४ हेक्टर वनक्षेत्रको जग्गामा मात्र संरचनाहरु निर्माण गर्ने भनी डि. पि. आर. तयार भएको भन्ने देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए अनुसार जम्मा ५६८१ रुखहरु काटिने प्रक्षेपण (पृष्ठ VIII) गरिएकोमा सरोकारवाला निकायको रुपमा बर्दिवास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनाका तर्फबाट प्राप्त निवेदनमा उल्लेख गरिए अनुसार ५४.५८ हेक्टर जग्गा मात्र प्रयोग गर्दा जम्मा १९६७ वटा रुखहरु (खडा हरियो १८८२, सुखड खडा ८३ र अर्धसुखड २ वटा) मात्र काटिने अवस्था देखिएको छ। मिति २०७३।५।१५ मा बसेको माइस्थान सामुदायिक वन उपभोक्ता समितिको बैठकमा पदाधिकारीहरु सहित ८० जनाको उपस्थिति रहेको र सो बैठकको निर्णयमा ३५ हेक्टर जग्गा हैसियत बिग्री पटक पटक संरक्षण सम्वर्धन गर्दा समेत वनको अवस्था हैसियत सुधार

हुन नसकेकोले हाल २ नं प्रदेश स्तरीय मेडिकल कलेज बर्दिवासमा स्थापना गर्ने नेपाल सरकारको नीति रहे अनुरुप सरकारको प्राथमिकतामा परेको हुनाले यस सामुदायिक वन क्षेत्रको अन्दाजी ३५ हेक्टर जमिनमा मेडिकल कलेज निर्माणका लागि सहमति दिने निर्णय भयो भनी उल्लेख भएको पाइन्छ। मिति २०७३।५।१६ मा बसेको बैठकले आवश्यक परे ५४ हेक्टर नै पनि दिने निर्णय गरेको देखिन्छ। विकास समितिको कार्यालय महोत्तरीले पनि मिति २०७३।६।२ मा हाल प्रस्तावित जग्गामा नै मेडिकल कलेज निर्माणका लागि उपयुक्त हुने भनी सिफारिश गरेको देखिन्छ। बर्दिवास नगरपालिकाले पनि सोही मिति २०७३।६।२ मा प्रस्तावित स्थानमा मेडिकल कलेज निर्माणका लागि उपयुक्त भएको भनी सिफारिश गरेको पाइन्छ। यी विभिन्न सिफारिश र छलफलको आधारमा जग्गा खोजविन तथा प्रारम्भिक समिति बर्दिवास मेडिकल कलेजले पनि शिक्षा मन्त्रालय मार्फत नेपाल सरकारमा प्रतिवेदन पेश गरेको देखिन्छ। वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनबाट आयोजना क्षेत्र कुनै प्रकारको संरक्षित क्षेत्र तथा जङ्गली जीवजन्तुको हटस्पट नभएको भन्ने देखिन्छ। यसप्रकार प्रस्तावित आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको रुपमा स्वीकारिएको देखिएको, राष्ट्रिय प्राथमिकता प्राप्त योजना राष्ट्रिय वन क्षेत्रमा पनि सञ्चालन गर्न सकिने कानूनी व्यवस्था रहेको तथा वन क्षेत्रको कम भन्दा कम क्षति हुने स्थिति कायम गर्नका लागि प्रारम्भिक अवस्थामा प्रस्तावित १०१.५९ हेक्टर जग्गाको सट्टामा हाल ५४.५८ हेक्टरमा मात्र आयोजना सञ्चालन हुने गरी प्रस्तावित गरिएको समेतको अवस्थालाई हेर्दा प्रस्तावित क्षेत्रमा मेडिकल कलेज पूर्वाधार निर्माण गर्ने तर्फ भइरहेका काम कारबाहीहरु कानून विपरीत रहेको मान्न मिलेन।

३१. अब रिट निवेदकको माग बमोजिम प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माण गर्ने नेपाल सरकारको निर्णय वदर गरी बर्दिबास वन क्षेत्रलाई संरक्षित वन क्षेत्र घोषणा गर्नु भनी परमादेशको आदेश समेत जारी हुनु पर्ने देखिन्छ वा देखिंदैन भन्ने प्रश्नमा बिचार गरौं। प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माणका लागि भइ रहेका काम कारबाहीहरु कानून विपरीत नरहेको सम्बन्धमा माथिका प्रकरणहरुमा विवेचना गरी सकिएकै छ। संरक्षित क्षेत्र घोषणा गर्ने सम्बन्धी कानूनी व्यवस्था हेर्दा प्रचलित वन ऐन, २०७६ को दफा १५ मा रहेको कानूनी व्यवस्था र सो कानूनी व्यवस्थाको आधारमा राष्ट्रिय वनको कुनै भाग तथा सम्बन्धित भू-परिधीय क्षेत्रलाई विशेष कार्ययोजना बनाई नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नेपाल

सरकारले वन संरक्षण क्षेत्र घोषणा गर्न सक्ने अवस्था रहेकोमा विवाद छैन तर सो दफा १५ मा उल्लेख भएको कानूनी व्यवस्था बमोजिमको परिधि भित्र पर्ने वा नपर्ने, वन संरक्षण क्षेत्र घोषणा गर्न उपयुक्त हुने वा नहुने जस्ता विषयहरुमा थप अध्ययन गरी आवश्यकता र औचित्यको आधारमा यसरी वन संरक्षण क्षेत्र घोषणा गर्ने अधिकार नेपाल सरकारमा निहित रहेको विषय हो। कानूनले निर्दिष्ट गरे बमोजिमको कुनै वस्तुनिष्ठ आधार बिना अदालतले आदेश जारी गरी कुनै क्षेत्रलाई वन संरक्षण क्षेत्र घोषणा गर्नु भनी भन्न मनासिब हुने देखिएन।

३२. खासमा प्रस्तुत निवेदनमा निवेदनसंग सार्थक रुपमा सरोकार र सम्बन्ध राख्ने निकायहरुलाई विपक्षी नै बनाएको देखिंदैन। प्रस्तावित मेडिकल कलेज निर्माणका लागि स्थापित मुख्य निकाय बर्दिबास मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनालाई विपक्षी बनाइएको देखिंदैन। यसैगरी बर्दिबास मेडिकल कलेज निर्माणसंग सम्बन्धित जिम्मेवार निकायको रुपमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयलाई पनि विपक्षी बनाइएको देखिंदैन। प्रस्तावित मेडिकल कलेज स्थापनाको प्रस्ताव पेश गर्ने र जग्गा खोजविन समिति गठन गर्ने लगायतका कार्यहरु सोही मन्त्रालयको अग्रसरता र निर्णयमा भएको देखिन्छ। यसैगरी प्रस्तावित क्षेत्रमा मेडिकल कलेज निर्माणका लागि सहमति र सिफारिश गर्ने निकायहरु जस्तो माइस्थान सामुदायिक वन उपभोक्ता समूह, बर्दिबास नगरपालिका, महोत्तरी, जिल्ला विकास समितिको कार्यालय, महोत्तरी, गढन्ता बर्दिबास वनको साझेदारी व्यवस्थापन समूह र जग्गा खोजविन तथा प्रारम्भिक कार्य समिति, बर्दिबास जस्ता प्रत्यक्ष सरोकारका निकायहरुलाई पनि विपक्षी बनाइएको देखिंदैन। सरोकारवाला निकायलाई विपक्षी नबनाएको भन्ने आधारमा रिट निवेदन खारेज गर्ने गरेको यस अदालतको अभ्यास रहेको देखिन्छ।[१] साथै प्रस्तुत निवेदन एउटा व्यक्तिको रुपमा देव नारायण मण्डलबाट दायर हुन आएकोमा निवेदनको प्रकरण २(क) मा निवेदकको हकदैया पुष्टि गर्ने क्रममा निवेदक संस्था भनी मिथिला वाइल्ड लाइफ ट्रष्ट उल्लेख गरिएको छ भने निवेदनको पृष्ठ २६ मा मुख्य निवेदन माग दावी उल्लेख गर्दा बारा जिल्लाको वन क्षेत्रको पूर्ण संरक्षण गरी पाउँ भन्ने उल्लेख भएको देखिन्छ। निवेदन लेखाइको यो स्थितिलाई हेर्दा निवेदक प्रस्तुत निवेदन माग दावीका सम्बन्धमा खासै गम्भिर र जिम्मेवार

---

१ जनहित संरक्षण मञ्च (प्रो पब्लिक) को तर्फबाट रमा पन्त विरुद्ध महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय, ने का प २०६३ नि नं ७७६९ विशेष इजलास; छेप धरनु माझी थारु विरुद्ध सुकुम्बासी समस्या समाधान आयोग समेत, ने का प २०५३ नि न ६१६४

नरहेको हो कि भन्ने देखिन आएको छ। निवेदकले अन्य उपयुक्त विकल्प हुँदा हुँदै प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माण गर्न लागिएको भनी निवेदनमा उल्लेख गरेको देखिएको भए पनि त्यस्तो उपयुक्त विकल्प के हुन सक्ने हो र कुन क्षेत्र हुन सक्ने हो भन्ने सम्बन्धमा निश्चिततापूर्वक केही उल्लेख गर्न सकेको देखिंदैन। बर्दिवास क्षेत्रमा मेडिकल कलेज निर्माण हुनु पर्ने कुरामा निवेदकको पनि सहमति रहेको कुरा निवेदनमा र वहसका क्रममा समेत अभिव्यक्त भएको पाइन्छ। यसरी बर्दिवास क्षेत्रमा मेडिकल कलेज निर्माण हुनु पर्ने कुरामा निवेदकको पनि सहमति रहेको, हाल प्रस्तावित वन क्षेत्रको विकल्पमा यो ठाउँ उपयुक्त रहेको भनी कुनै जग्गा विकल्पको रुपमा देखाउन नसकेको तथा मेडिकल कलेजका लागि जग्गा खोजविन समितिबाट राय सुझाव माग गर्दा र वैकल्पिक जग्गाको खोजि गर्दा पनि अन्य कुनै उपयुक्त वैकल्पिक जग्गा नभेटिएको भन्ने देखिंदा निवेदकको यो निवेदन जिकिर पनि स्थापित हुन सक्ने अवस्था देखिएन।

३३. निवेदकले यस भन्दा अगाडि यस अदालतबाट प्रतिपादित सिद्धान्तको विपरीत भनी केही फैसलाहरु उधृत गरेको हुँदा त्यसतर्फ पनि विवेचना हुनु पर्ने देखिएको छ। खास गरेर योगीनरहरी नाथ विरुद्ध मन्त्रिपरिषदको कार्यालय भएको मुद्दामा[२] प्रतिपादित सिद्धान्तलाई आधार बनाएर सार्वजनिक न्यास सिद्धान्त समेतको विपरीत रहेको भनी जिकिर लिएको देखिएकोले सो सम्बन्धमा हेर्दा उक्त मुद्दासंग सम्बन्धित मेडिकल कलेज भरतपुर चितवन देवघाट क्षेत्रको ४२ विगाह वन क्षेत्रमा बनाउन लागिएको अवस्था रहेको र तत्कालीन अवस्थामा सो क्षेत्रमा कलेज निर्माण गर्ने गरी श्री ५ को सरकार स्वयंले तोकेको अवस्था देखिन्छ। तर प्रस्तुत निवेदनमा विवादित मेडिकल कलेज निर्माणका लागि बर्दिबास क्षेत्र भन्ने सम्म प्रस्तावित गरिएको भए पनि बर्दिबासको यही र यति नै जग्गामा निर्माण गर्ने भनी नेपाल सरकारले तोकेको अवस्था देखिंदैन। सम्भाव्य क्षेत्र पहिचानका लागि समिति नै गठन गरी स्थानीय जनता लगायत सरोकारवाला निकायहरुको समेत राय सुझाव लिइएको अवस्था देखिन्छ। यसैगरी योगी नरहरी नाथको मुद्दासंग सम्बन्धित मेडिकल कलेज सरकार स्वयंले स्थापना गर्न लागेको नभई निजी क्षेत्रका उद्यमीले स्थापना गर्न लागेको विषय थियो भने प्रस्तावित बर्दिबास मेडिकल कलेज सरकार स्वयंले एक प्रदेश एक मेडिकल कलेजको नीति

[२] ने. का. प. २०५३ नि. नं.६१२७

अन्तर्गत स्थापना गर्न लागेको अवस्था देखिन्छ। यस हिसाबले हेर्दा उल्लिखित मुद्दामा प्रतिपादित सिद्धान्त प्रस्तुत रिट निवेदनका सन्दर्भमा सान्दर्भिक रहेको देखिन आउँदैन।

३४. विकास र वातावरण बीच सन्तुलनको प्रश्न महत्वपूर्ण छ। प्राकृतिक स्रोत साधनको अनियन्त्रित र जथाभावी अतिक्रमण वा दोहन गरी यसको अस्तित्व नै संकटमा पार्ने गरी गरिने विकास यथार्थमा दिगो विकासको अवधारणा विपरीत हुन्छ। तर वातावरणमा कत्ति पनि प्रतिकूल प्रभाव नपर्ने गरी विकास गर्नु पर्छ भन्ने सोंच पनि व्यावहारिक यथार्थको विपरीत हुन जाने देखिन्छ। किनभने विकास निर्माणका कुनै पनि गतिविधि सञ्चालन गर्नु भनेको त्यसबाट वातावरणमा कुनै न कुनै प्रकारको प्रभाव पर्न जानु हो। वातावरणमा कत्ति पनि प्रभाव नपारी विकास गतिविधि सञ्चालन हुन सक्ने कल्पना गर्न सकिंदैन। कतिपय अवस्थामा विकास गतिविधिको फलस्वरुप वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावको तुलनामा त्यसबाट प्राप्त हुने लाभ वा अवसरहरु बढी हुन सक्ने अवस्था पनि हुनसक्छ वा वातावरणीय दृष्टिले नै पनि तत्कालको अवस्थामा केही क्षति पुग्न गए पनि कालान्तरमा थप राम्रो हुन सक्ने अवस्था पनि बन्न सक्छ। यसैले नेपालको संविधानको धारा ३० को उपधारा (३) मा वातावरण र विकास बीच समुचित सन्तुलनका लागि आवश्यक कानूनी व्यवस्था गर्न सकिने व्यवस्था गरिएको पाइन्छ। प्रस्तावित आयोजना सञ्चालनबाट पर्न सक्ने वातावरणीय प्रभावको सन्तुलनका दृष्टिले हेर्दा प्रस्तावित आयोजना स्थलमा घना जङ्गल रहेको अवस्था देखिंदैन। प्रस्तावित आयोजना स्थल कमजोर हैसियतको वन क्षेत्र रहेको भन्ने देखिएको छ। प्रस्तावित आयोजना स्थलमा कुनै संरक्षित क्षेत्र परेको पनि देखिंदैन। जङ्गली जीव जन्तुको हटस्पट पनि रहेको देखिंदैन। प्रमुख जनावरहरुको मुख्य वासस्थान पनि रहेको देखिंदैन। प्रजाति संरक्षण सम्बन्धी प्रभाव पनि नदेखिएको कुरा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएको छ। प्रस्तावित आयोजना स्थलको पूर्व तर्फ भव्सी खोला रहेको देखिन्छ भने पश्चिमतर्फ अटावे खोला रहेको देखिन्छ। यी खोलाहरुले वर्षेनी कटान गर्ने गरेको कारण खोला आसपासका कृषियोग्य जग्गाहरु उपयोग अयोग्य जग्गाको रुपमा परिणत भइरहेको पाइन्छ। आयोजना सञ्चालन भएमा स्थानीय स्तरमा रोजगारीको अवसर सिर्जना हुने, सडक विद्युत जस्ता पूर्वाधारहरुमा सुधार हुने, नदी कटान नियन्त्रण हुने तथा आसपासका जग्गाहरुको मूल्य र महत्व वृद्धि हुने जस्ता सकारात्मक परिणामहरु देखिन सक्ने भनी वातावरणीय प्रभाव मूल्याङ्कन

प्रतिवेदनमा उल्लेख गरिएको देखिन्छ। आयोजना सञ्चालनका क्रममा केही रुखहरु काटिने स्थिति भए पनि काटिएका रुखहरुको सट्टामा १ रुख बराबर १० रुखका दरले पुनः वृक्षारोपण गर्नु पर्ने र आयोजना क्षेत्र भित्रका बाँकी रुख विरुवाहरुको संरक्षण तथा संवर्धन गरिने कुरा पनि वातारणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख गरिएको देखिन्छ। त्यसैले विकास गतिविधि सञ्चालन गर्दा वातावरणमा प्रभाव नपर्ने गरी गर्नु पर्ने भन्दा पनि वातावरणमा **उल्लेखनीय प्रतिकूल प्रभाव** नपर्ने गरी गर्नु पर्ने कुरा सन्तुलित दृष्टिकोण हुन सक्दछ। त्यसैले वातावरण संरक्षण ऐन, २०७६ को दफा २(फ) मा "वातावरणीय प्रभाव मूल्याङ्कन" को परिभाषा गर्दा "कुनै प्रस्तावको कार्यान्वयन गर्दा सो प्रस्तावले वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पार्ने वा नपार्ने सम्बन्धमा यकिन गर्नुका साथै त्यस्तो प्रभावलाई कुनै उपायद्वारा निराकरण वा न्यूनीकरण गर्नका लागि अवलम्वन गरिने उपायको सम्बन्धमा विस्तृत रुपमा गरिने अध्ययन तथा मूल्याङ्कन सम्झनुपर्छ" भन्ने किसिमबाट परिभाषित गरिएको पाइन्छ भने सोही ऐनको दफा ८ मा वातावरणीय प्रभाव मूल्याङ्कन स्वीकृत नगराई आयोजना प्रस्ताव कार्यान्वयन गर्न नहुने व्यवस्था भएको पाइन्छ। प्रस्तावित आयोजनाबाट सिर्जना हुने प्रतिकूल प्रभावहरुको तुलनामा यसबाट प्राप्त हुने लाभ बढी महत्वपूर्ण रहेको र वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभावहरुलाई पनि न्युनीकरणका लागि दिइएका सुझावहरुको कार्यान्वयनबाट न्यून तुल्याउन सकिने कुरा वातावरणीय प्रभाव मूल्याङ्कनको साराँशमा उल्लेख गरिएको छ। आयोजनाको कार्यान्वयनबाट पर्न सक्ने भनी अनुमान गरिएका र पहिचान गरिएका वातावरणीय प्रभावहरु महत्वका दृष्टिले धेरै गम्भीर नरहेको र अल्पकालीन रहेको कुरा पनि प्रतिवेदनमा उल्लेख गरिएको पाइन्छ।

३५. प्रस्तावित आयोजनाको सट्टा अन्य कुनै विकल्प छ र त्यो विकल्पको अनुसरण गर्दा वातावरणीय नोक्सानीलाई बचाउन सकिने स्थिति छ भने विकल्पले नै सर्वाधिक प्राथमिकता पउनु पर्ने कुरामा पनि विवाद हुन सक्दैन। अधिवक्ता राम कुमार आचार्य विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेत भएको मुद्दामा यस अदालतबाट पनि प्रस्तावित आयोजनाको सट्टा अन्य कुनै विकल्प छ र यस विकल्पको अनुशरण गर्दा वातावरणीय नोक्सानीलाई बचाउन सकिने स्थिति छ भने विकल्पले नै सर्वाधिक प्राथमिकता पाउनु पर्ने हुन्छ भनी सिद्धान्त

प्रतिपादन भइरहेको पाइन्छ।[३] यहाँनिर बिचार गर्नु पर्ने अर्को पक्ष के हुन्छ भने वातावरणको अधिकार जति महत्वपूर्ण छ, विकासको अधिकार पनि त्यो भन्दा कम महत्वपूर्ण छैन। विकासको अधिकार पनि मानव अधिकारको एउटा महत्वपूर्ण पक्षको रुपमा रहेको हुन्छ। विकासको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणा, १९८६ ले विकासको अधिकारलाई अहरणीय मानव अधिकार मानेको छ।[४] वातावरण र विकास सम्बन्धी रियो घोषणा, १९९२ को सिद्धान्त ३ मा विकासको अधिकार परिपूर्ति गर्दा वर्तमानका साथै भावी पुस्ताको समेत विकास र वातावरणीय आवश्यकता सम्वोधन हुने किसिमले गर्नु पर्छ भनिएको छ।[५] माथि नै उल्लेख गरिए झैं विकास गतिविधिको सञ्चालनबाट वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र वातावरणमा पर्ने प्रतिकूल प्रभावको तुलनामा विकास गतिविधिले मानव समाजका लागि सिर्जना गर्न सक्ने अवसर एवं सकारात्मक प्रभावलाई वाञ्छित रुपमा मूल्याङ्कन गरेर हेरिनु पर्दछ। वातावरण संरक्षणका नाममा एउटा पनि रुख काटिनु हुँदैन भन्ने सोंच र विकासका नाममा जति रुखहरु पनि काटे हुन्छ भन्ने सोंच दुवै अतिवादी दृष्टिकोणहरु हुन्। हामीले विकासको अवधारणा र वातावरण संरक्षणको अवधारणालाई प्रतिस्पर्धी दृष्टिकोणको रुपमा बुझ्न हुँदैन। कि विकास कि वातावरणको विकल्प रोज्नु पर्ने एकाङ्गी दृष्टिकोणको सट्टामा विकास र वातावरण दुवैलाई रोज्न सकिने सन्तुलित दृष्टिकोणको खोजि आजको मान्यता हुनु पर्दछ। विकास र वातावरण मध्ये कुनै पनि पक्षमा निरपेक्ष दृष्टिकोण राखिनु हुँदैन। शिव प्रसाद पौडेल विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय[६] रहेको उत्प्रेषणयुक्त परमादेशको मुद्दामा यस अदालतबाट विकास र वातावरण बीच सन्तुलन कायम हुनु पर्ने कुरामा जोड दिंदै "प्राकृतिक स्रोत साधनको क्षमताभन्दा बढी उत्खनन एवं प्रयोग, औधोगिकीकरण, अव्यवस्थित शहरीकरण, वन विनाश, वातावरणसंग तादात्म्य नराखी गरिने विकास निर्माण आदि नै वातावरण प्रदूषण गर्ने, वातावरणीय ह्रास ल्याउने र वातावरणमा असन्तुलन ल्याउने मुख्य कारक तत्व भएकोले प्राकृतिक स्रोत साधनको प्रयोग गर्दा र आर्थिक

[३] ने. का. प. २०७० नि. नं. ८९४२

[४] UN Declaration on Right to Development, 1986 Art. 1, General Assembly resolution 41/128

[५] The Rio Declaration on Environment and Development, 1882; Principle 3-The right to development must be fulfilled so as to equitably meet developmental and environmental needs of present and future generations.

[६] ने. का. प. २०७० नि. नं. ९०३०; अन्य मुद्दाहरुमा पनि यस्तै सिद्धान्तहरु प्रतिपादन भएको पाइन्छ (ने. का. प. २०७२ नि. नं. ९४५४, ने. का. प. २०७५ नि. नं. १००८६

विकास गर्दा वातावरण विनाश नहुने गरी विकास निर्माण र वातावरण संरक्षण बीच सन्तुलन कायम हुने गरी गर्नुपर्ने" भन्ने सिद्धान्त प्रतिपादन भएको पाइन्छ। हाम्रो अदालतले मात्र होइन, यस सम्बन्धमा भारतीय सर्वोच्च अदालतले बोलेको कुरा पनि मननीय छ। भारतीय सर्वोच्च अदालतले भनेको छ–"Since in a developing economy there cannot be either development of ecology but both must exist and thus a balance shall have to be struck between the two"।[७] विकास निर्माणको काम पनि हुने र वातावरण संरक्षणको काम पनि साथ साथै हुने सम्भावनाको खोजि नै दिगो विकास सम्बन्धी अवधारणाको मूल मर्म हो। दिगो विकास सम्बन्धी सिद्धान्तको प्रयोगलाई यथार्थतामा परिणत गर्ने उद्देश्यले नै कुनै आयोजना सञ्चालन गर्नु पूर्व वातावरणीय प्रभाव मूल्याङ्कन गर्ने प्रणालीको विकास भएको हो। प्रस्तुत निवेदनमा पनि निवेदनको ठाउँ ठाउँमा अन्य उपयुक्त विकल्प हुँदा हुँदै वन क्षेत्रमा निर्माण गर्न लागिएको भनी उल्लेख गरिएको पाइन्छ। साथै अन्य वैकल्पिक ठाउँहरुको कुनै उल्लेख नै नगरी बनाउन लागिएको भन्ने भनाइ रहेको पाइन्छ। तर बर्दिबास मै मेडिकल कलेज बन्ने कुरामा भने निवेदकको पनि असहमति रहेको देखिंदैन। निवेदक स्वयंले पनि कम भन्दा कम वन क्षेत्र कटानी हुने उपयुक्त स्थलमा मेडिकल कलेज बन्नु पर्ने तथ्यमा सहमति राखेको पाइन्छ (निवेदनको प्रकरण ६(ट) मा)। निवेदनमा उल्लेख गरिए जस्तै प्रस्तावित मेडिकल कलेज निर्माणका लागि जग्गा खोजविन गर्न समिति बनेको, समितिले मेडिकल कलेज निर्माणका लागि उपयुक्त जग्गाको खोजि गर्ने कार्य गरेको, जग्गा खोजि गर्ने क्रममा वैकल्पिक जग्गाहरुको पनि प्रस्ताव गरेको र प्रस्तावित जग्गाहरु मध्ये हालको बर्दिवास नगरपालिकाको वडा नं ४ स्थिति भब्सी खोलाको पश्चिमतर्फको जग्गालाई उपयुक्त जग्गा भनी सिफारिश गरेको देखिएको छ भने प्रारम्भिक अनुमानको तुलनामा मेडिकल कलेज बन्ने जग्गाको क्षेत्रफल घटाइएको र काटिने रुखहरुको संख्या पनि घट्न आएको देखिएको छ। यी तथ्यहरुको रोहमा हेर्दा पनि निवेदकको निवेदन जिकिरलाई मान्यता दिन सकिने अवस्था देखिएन। यसप्रकार माथिका विभिन्न प्रकरणहरुमा उल्लेख गरिए बमोजिम प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माणका लागि जग्गा उपलब्ध गराउने गरी नेपाल सरकारबाट निर्णय भइसकेको अवस्था नरहेको, नेपाल सरकारको एक प्रदेश एक मेडिकल कलेजको नीति अनुरुप मधेश प्रदेशको

---

[७] Live Oak Resort (P) Ltd. v Panchagni Hill Station Municipal Council (2001) 8 SCC 329, AIR 2001 SC 3487

बर्दिवास क्षेत्रमा मेडिकल कलेज निर्माण गर्ने नेपाल सरकारको प्रस्तावित योजना रहे अनुरुप उपयुक्त जग्गा खोजि गर्ने र प्रस्तावित जग्गामा मेडिकल कलेज निर्माण गर्दा वातावरणमा उल्लेखनीय प्रतिकूल प्रभाव पर्ने वा नपर्ने सम्बन्धमा अध्ययन भई वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन तयार भइ स्वीकृत समेत भएको देखिएकोमा उक्त वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन निवेदकले जिकिर लिए जस्तो वदनियतपूर्ण र त्रुटिपूर्ण रहेको नदेखिएको, वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत हुँदा पनि निशर्त स्वीकृत भएको नदेखिई विभिन्न शर्त सहित स्वीकृत भएको देखिएको, ती शर्तहरु वातावरणीय प्रभावहरुलाई थप न्यून तुल्याउने तर्फ उन्मुख रहेको देखिएको, वन ऐन, २०७६ को दफा ४२ मा उल्लेख भए अनुसार राष्ट्रिय प्राथमिकत प्राप्त योजना वन क्षेत्रमा पनि सञ्चालन हुन सक्ने गरी कानूनी व्यवस्था भइरहेको देखिएको, बर्दिवासमा प्रस्तावित मेडिकल कलेज पनि राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको रुपमा स्वीकृत भएको देखिएको तथा मेडिकल कलेज निर्माणका कारण कटान हुने एक रुखको सट्टामा दश विरुवा लगाउनु पर्ने गरी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन मै उल्लेख भइ रहेको सन्दर्भलाई बिचार गर्दा निवेदन माग दावी बमोजिमको आदेश जारी गर्नु पर्ने देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने ठहर्छ। तर निवेदनमा उठाइएको वन र वातावरण संरक्षणको विषय सबै व्यक्ति, समुदाय र प्राणीजगत कै लागि पनि सरोकारको विषय रहेको देखिएको, मेडिकल कलेज निर्माणका लागि जग्गा उपलब्ध गराउने निर्णय हालसम्म नेपाल सरकारबाट भइसकेको नदेखिएको तथा प्रस्तावित क्षेत्र मै मेडिकल कलेज निर्माण हुने भएमा पनि त्यसबाट वन र वातावरणमा पर्ने प्रतिकूल प्रभावहरुलाई थप न्यूनीकरण गर्नु वाञ्छनीय हुने देखिंदा प्रस्तावित क्षेत्रमा मेडिकल कलेज निर्माण गर्नु भन्दा अगाडि देहाय अनुसारका उपायहरु अवलम्वन गरेर मात्र गर्नु भनी प्रत्यर्थीहरुका नाममा निर्देशनात्मक आदेश जारी गरी दिएको छ। आदेशानुसार गर्नु भनी प्रत्यर्थीहरुलाई लेखी पठाइ प्रस्तुत निवेदनको लगत कट्टा गरी मिसिल नियमानुसार अभिलेख शाखामा बुझाइ दिनु –

क. स्वीकृत वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लिखित शर्तहरुको प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाउनु,

ख. प्रस्तावित वन क्षेत्रमा मेडिकल कलेज निर्माण गर्दा काटिने रुखहरुको सट्टामा नयाँ विरुवाहरु लगाउने भनी वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भए बमोजिमको

विरुवाहरु लगाउन जग्गाको बन्दोबस्त गरी हालका रुखहरु काटिनु भन्दा अगावै ती नयाँ विरुवाहरु लगाउने व्यवस्था गर्नु,

ग. नयाँ लगाइएका विरुवाहरु पाँच वर्षसम्म आयोजनाको तर्फबाट हेर बिचार गर्ने व्यवस्था मिलाउनु तथा सो बमोजिम लगाइएका विरुवाहरुको हेरबिचार भए नभएको कुराको अनुगमन वन तथा वातावरण मन्त्रालयबाट हुने व्यवस्था मिलाउनु,

घ. आयोजना सञ्चालन संगै आयोजनास्थल वरपर स-साना पसल र रेष्टुरेण्टहरु पनि सञ्चालनमा आउन सक्ने भई ती पसल र रेष्टुरेण्टहरुले थप सरकारी जग्गा र वन क्षेत्र अतिक्रमण हुने सम्भावना रहने हुँदा त्यस्तो सम्भावित अतिक्रमण रोक्न आवश्यक योजना बनाइ लागू गर्नु,

ङ. मेडिकल कलेज स्थापना भई सञ्चालनमा आए पछि त्यसबाट उत्पन्न हुने फोहोरजन्य पदार्थहरुको कारण वातावरण थप प्रदूषित हुन सक्ने हुँदा त्यस्तो फोहोरहरुको व्यवस्थापन र विसर्जनका लागि उपयुक्त व्यवस्था मिलाउनु,

च. बर्दिवास क्षेत्रको दुर्लभ वन्यजन्तु र वनसम्पदाको संरक्षणको लागि वातावरण व्यवस्थापन योजना बनाई लागू गर्नु गराउनु र सो को प्रगति अनुगमनको लागि प्रभावकारी व्यवस्था मिलाउनु,

छ. आयोजनाको संरचना भित्रै वातावरण व्यवस्थापन इकाइ स्थापना गरी वातावरणमा पर्न सक्ने थप प्रतिकूल प्रभावहरुको व्यवस्थापनका लागि आवश्यक उपाय अवलम्वन गर्नु गराउनु।

तिल प्रसाद श्रेष्ठ
न्यायाधीश

उक्त रायमा सहमत छु ।

प्रकाशमान सिंह राउत
न्यायाधीश

इजलास अधिकृत : किरण कुमार सिंह

इतिसम्वत २०८० साल जेठ २९ गते रोज २ मा शुभम् . . . . . . . . . . . .